# बुद्धभूमी राजपत्र

## कपिलवस्तु

### (स्थानीय राजपत्र)

खण्ड ४ बर्ष २ अंक ४ मिति : फागुन १२ गते २०७५

स्थानीय सकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बुद्धभूमी नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन, नियम, कार्यविधी, नीति सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग -१

## बुद्धभूमी नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधी-२०७५

**नगर कार्यपालिकाबाट स्वीकृत मिति :- २०७५/१०/१७**

**प्रस्तावना:**

बुद्धभूमी नगरपालिकामा रहेका गरिव, विपन्न असहायहरु, दैविप्रकोपबाट प्रभावित, विभिन्न रोगबाट पिडित तथा ग्रसित दिर्घरोगी, दुर्घटना परेको, ठूलो शल्यक्रिया गर्नु पर्ने अवस्थामा रहेका व्यक्तिहरु र सामाजिक क्षेत्रमा क्रियासिल संघ, संगठनहरुसंगको सहकार्य तथा सहयोगको अपेक्षालाई व्यवस्थापन गर्न स्थानीय सरकार संचालन ऐन को दफा १०२ को उपदफा (२) र बुद्धभूमी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिमको अधिकार प्रयोग गरि यो कार्यविधि बनाएको छ।

**परिच्छेद - १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ:**

यो कार्यविधिको नाम: " बुद्धभूमी नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधी-२०७५" रहेको छ।

क) यो कार्यविधि कार्यपालिकाको बैठकबाट स्वीकृत भई यस नगरपालिकाको स्थानीय राजपत्रमा प्रकासित भैसकेपछि तुरुन्त लागु हुने छ।

**२. परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) "आर्थिक सहायता" भन्नाले यस कार्यविधि बमोजिम दिईने आर्थिक सहयोग स्वरुपको रकमलाई बुझाउँदछ ।

ख) "आर्थिक सहायता कोष" भन्नाले बुद्धभूमी नगरपालिकाको नगरसभावाट छुट्टाईएको आर्थिक सहायता सम्बन्धी कोष वा स्वीकृत बार्षिक कार्यक्रममा छुट्टाईएको आर्थिक सहायता सम्बन्धी शिर्षकलाई बुझाउँदछ।

ग) "नगरपालिका" भन्नाले बुद्धभूमी नगरपालिका समेतलाई सम्झनु पर्दछ।

घ) "कार्यपालिका" भन्नाले नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

ङ) "वडा समिति" भन्नाले १० वटै वडाका जनप्रतिनिधिको रुपमा निर्वाचित भई बनेको वडा समितिलाई बुझाउँदछ।

च) "न्यायिक समिति" भन्नाले बुद्धभूमी नगरपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ।

छ) "पिडित" भन्नाले गरिव तथा विपन्न ब्यक्ति, बुद्धभुमी नगरपालिका अन्तर्गत बसोबास गर्ने नेपाली नागरिक, जसको नीज वा अभिभावकको कुनै आय श्रोत न्यून भएको।

ज) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले मुटु, मृगौला, फोक्सो, कलेजो जस्ता शरिरका महत्वपूर्ण अंगहरुका रोगी एवं. क्यान्सर पीडित व्यक्तिहरु, घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं. बेचविखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा, जवरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभावजस्ता दुव्र्यवहारबाट पीडित, दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुव्र्यवहार, बेचविखन वा ओसार पसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको सुस्त मनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका, मधुमेह रोगबाट ग्रसित, वेसहारा वृद्धवृद्धा बुझ्नु पर्दछ।

झ) "परिवार / अभिभावक" भन्नाले पिडितसंग बस्ने वा नीज आफैले पालन पोषण गर्नुपर्ने पति, पत्नि, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा, दाजु भाई वा सौतेनी आमा सम्झनु पर्दछ।

ञ) "अभिभावक" पिडित ब्यक्तिलाई पालन पोषण गर्ने आमा, बुवा र आमा वुवा नभए परिवारको जिम्मेवार सदस्य।

**परिच्छेद-२**

**आर्थिक सहायता सम्बन्धि मापदण्ड**

**३. दिर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता :–**

(१) आर्थिक सहायता पाउन योग्य दिर्घ रोगीमृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित नगरपालिकामा निवेदन दिन सक्नेछन।

(२) उपखण्ड (१) बमोजिम प्राप्त निवेदनामाथि नगर कार्यपालिकाले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरी रू. पाँच हजारदेखि रू. बीस हजारसम्म आर्थिक सहायता दिई निःशुल्क उपचारको लागि समेत सिफारिस गर्न सकिनेछ।

(३) १,०००।- देखि ५,०००।- हजार सम्मको आर्थिक सहायता नगर प्रमुखको सिफारिस र समन्वयमा प्रमुख प्रशासकीय अधिकृतबाट भुक्तानी दिने व्यवस्था मिलाउने र सो भन्दा माथिको सहायता नगर कार्यपालिकाको निर्णय बमोजिम दिईनेछ।

**४. हिंसा पीडित तथा बेचविखनमा परेकालाई सहायता :–**

(१) घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं. बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जीवनयापनको लागि नगर कार्यपालिकाको निर्णयानुसार रू. ५,०००।- (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ। (२) पीडितलाई न्याय दिलाउन एवं. पुनस्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ।

**५. आर्थिक रुपले विपन्न र पीडित वालबालिकालाई सहायता :–**

(१) आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको वा जवरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभावजस्ता दुव्र्यवहारबाट पीडित, दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुव्र्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको, सुस्त मनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालन पोषणको लागि नगर कार्यपालिकाको निर्णय अनुसार रू. ५०००। (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(२) उपखण्ड (१) मा उल्लेखित बालबालिकाको शिक्षा तथा पालनपोषणको लागि बाल उद्धार गृहको आर्थिक सहायता सम्बन्धी संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालन पोषणको व्यवस्था गर्न सकिनेछ।

**६. आर्थिक रुपले विपन्न गर्भवती महिला तथा सुत्केरी आमाहरुलाई सहायता :–**

(१) आर्थिक रुपले विपन्न तीन महिनासम्म पनि खान नपुग्ने भनि प्रमाणित परिवारका गर्भवती महिला एवं। सुत्केरी आमा र बच्चाको पालन पोषणको लागि बढिमा दुई पटक गर्भवती हुँदा वा सुत्केरी हुँदा रू. २,०००।– (दुई हजार) आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ। तर दुई पटकभन्दा बढि गर्भवति हुँदा वा सुत्केरी हुँदा उक्त सहायता उपलब्ध गराईने छैन।

(२) उपखण्ड (१) बमोजिम सहायता पाउन गर्भवति महिला वा सुत्केरी आमाले आफैं वा पति वा परिवारको कुनै सदस्य मार्फत तोकिएका कागजात सहित नगरपालिकामा निवेदन दिन सक्नेछन्।

**७. वेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायता :–** ज्येष्ठ नागरिकको हकमा ६० वर्ष उमेर पुगेका परिवारका सदस्यले बेवास्ता गरेका विपन्न, रोगी एवं. अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि नगरपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा परिच्देछ २ को (३) अनुसार आर्थिक सहायता दिई पुर्नस्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ।

**८. अति अशक्त अपांग र पूर्ण अशक्त अपांगलाई सहायता :-**

(१) आर्थिक रुपले विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांगको पालन पोषणको लागि रू. १०,०००।- (दश हजार) सम्म एक पटकको लागि मात्र आर्थिक सहायता दिन सकिनेछ।

(२) आर्थिक सहायता प्राप्त गर्न आर्थिक रुपले विपन्न महिला तथा बालबालिका कार्यालयबाट प्राप्त अति अशक्त र पूर्ण अशक्त अपांगको परिचयपत्र सहित नगरपालिका कार्यालयमा निवेदन पेश गर्न सकिनेछ।

**९. आर्थिक सहायता उपलब्ध गराउन सकिने अवस्था:**

नगरपालिकाबाट उपलब्ध गराईने आर्थिक सहायता निम्नानुसारको व्यक्तिलाई हुनेछ।

क) अति विपन्न परिवारको सदस्यले सम्बन्धीत वडा भित्रको स्वास्थ्य चौकी/उपस्वास्थ्य चौकीबाट उपचार गर्दा निको नभई सो नगरपालिका भन्दा बाहिर गई जंचाउनु पर्ने अवस्था भएमा।

ख) चोट पटक, दुर्घटना, दिर्घ रोगका कारण तत्काल अस्पताल पुराउनै पर्ने अवस्था भएमा।

ग) प्रकृतिक प्रकोपबाट हुन गएको घरगोठ, जीउधनको क्षतीको कारण तत्काल राहत उपलब्ध गराउनुपर्ने भएमा।

**१०. आर्थिक सहायताको अधिकतम रासी**

आर्थिक सहायताको न्यूनतम र अधिकतम रासी रु. १०००।- देखि रु.२०,०००।- हुनेछ।

**परिच्छेद-३**
**विविध**

**११. आकस्मीक कोष :-**

(१) यस कार्यविधि अनुसार आर्थिक सहायता दिने एवं. प्राकृतिक र गैर प्राकृतिक प्रकोप पीडितलाई राहत, उद्धार तथा पुर्नस्थापना गर्ने र अन्य आकस्मीक कार्यमा प्रयोग गर्ने प्रयोजनको लागि एक आकस्मीक कोषको स्थापना गरिनेछ।

(२) आकस्मीक कोषमा देहायको रकम जम्मा गरिनेछ :–

(क) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट आकस्मीक कोषको लागि प्राप्त अनुदान,

(ख) सरकारी तथा गैरसरकारी संघसंस्थाबाट आकस्मीक कार्य (आर्थिक सहायता, प्रकोप पीडित राहत) को लागि प्राप्त सहयोग वा अनुदान,

(ग) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्धार, राहत तथा पुर्नस्थापनाको लागि प्राप्त जुनसुकै रकम,

(३) कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(४) आकस्मीक कोष सम्बन्धी अन्य व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ

**१२. आर्थिक सहायता गर्ने तरिका**

(१) यस नगरपालिकाबाट आर्थिक सहयोग उपलब्ध गराउँदा निम्नानुसारको प्रक्रियाहरु अवलम्बन हुनेछ।

क) दफा ३ बमोजिम सम्बन्धीत वडा कार्यालयको सिफारिस पत्र वा सम्बन्धीत ब्यक्ति परिवारको निवेदनको आधारमा तत्काल रु. ५०००।- सम्म नगर प्रमुखबाट सोझै उपलब्ध गराउन सकिनेछ।

(२) कार्यपालिकाको बैठकबाट उपलब्ध गराउने आर्थिक सहयोगको लागि निम्नानुसारको आवश्यक कागजात पेश हुनुपर्ने छ।

क) सम्बन्धीत ब्यक्ति वा नीजको अभिभावक वा निजको परिवारको निवेदन।

ख) सुविधा लिने व्यक्ति को नाम र कार्यालयबाट भुक्तानी दिँदा कुन व्यक्ति वा परिवारको सदस्यले लिने हो सो को स्पष्ट नामसहित वडा कार्यालयको सिफारिस पत्र र गरेको र भुक्तानी लिने ब्यक्तिको नामसमेत उल्लेख भएको सिफारिस पत्र।

ग) उपरोक्त बमोजिमको आर्थिक सहायताको रकम नगरसभाबाट छुट्टाईएको अन्य सामाजिक सुरक्षा शिर्षकबाट उपलब्ध हुनेछ।

घ) उपरोक्त शिर्षक नगरपालिकाको आन्तरीक आयको श्रोतबाट व्यवस्था गर्नुपर्नेछ।

ङ) बर्षभर उपलब्ध भएका आर्थिक सहायताहरु नगरसभाबाट अनुमोदन गराउनु पर्ने छ।

च) विरामीको हकमा निवेदन साथ सम्वन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने डाक्टरले जाँच गरेको प्रमाणको प्रतिलिपी। यस्तो कागजात निवेदन दिने मिति भन्दा ३ (तीन) महिना पूरानो भएमा मान्य हुने छैन। साथै सम्वन्धित डाक्टरले उपचारको लागि लेखी दिएको औषधीहरुका विवरण र सो खरिदको लागि अनुमानित लाग्ने खर्चको विवरण सहित बुद्धभूमी नगरपालिकाको सामाजिक समितिको सिफारिस। तर, माथि जुनसुकै कुरा लेखिएको भएतापनि कडा रोग लागि अपरेशन गर्नुपर्ने, कुनै अङ्ग फेर्नुपर्ने वा उपचारका लागि धेरै खर्च लाग्ने भएमा सो को मेडिकल वोर्डको सिफारिस समेत पेश गर्नु पर्नेछ। मेडिकल वोर्डको सिफारिस सहीत सहयोग माग भएको हकमा बुद्धभूमी नगर कार्यपालिकाको सामाजिक समितिको सिफारिस बमोजिम नगर कार्यपालिका वैठकमा पेश गरी निर्णय भए वमोजिम रु ५,०००।– देखि २०,०००।- (पाँच हजार देखि बीस हजार सम्म) सम्म सहयोग उपलव्ध गराउन सकिनेछ।

**१३. स्वीकृत आर्थिक सहयोगको भुक्तानी**

क) कार्यपालिकाको बैठकबाट आर्थिक सहयोग दिने निर्णय गर्दा स्वीकृत बजेट तथा कार्यक्रम अनुसार जुन प्रकृतिको सहयोग हो सोही अनुसारको सहयोग शिर्षकबाट तोक्नुपर्ने छ। यसरी सहयोगको शिर्षक तोक्दा आन्तरिक आम्दानीबाट छुट्टाईएको कार्यक्रम शिर्षकबाट मात्र तोक्नुपर्नेछ।

ख) दफा (५)१ख बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पश्चात निर्णय सार्वजनिक भएपछि तोकिएको शिर्षकबाट भुक्तानी गर्नुपर्ने छ।

**१४. यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः**

यस अधि यस नगरपालिकाबाट भएका वा दिइएका आर्थिक सहयोग वा सहायता यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

# भाग -२

## बाल संरक्षण नीति -२०७५

कार्यपालिकाबाट पारित मिति : २०७५।०५।३१ गते

**१.पृष्ठभुमि :**

बालअधिकार तथा बालबालिकासँग सम्बन्धित अन्तराष्ट्रिय तथा राष्ट्रिय ऐन, कानुन, नीतिनियम, निर्देशिका तथा रणनीतिका आधारमा हालसम्म स्थानीय स्तरमा बालअधिकार संरक्षणका लागि बिभिन्न कार्यहरु तथा प्रयासहरु हुदै आइरहेको अवस्था छ । बालअधिकार संरक्षण तथा बाल संरक्षणका लागि धेरथोर प्रयासहरु निरन्तर भईरहेका छन् । नेपालको संविधानले पनि बालअधिकारलाई मौलिक अधिकारका रुपमा स्थापित गरिसकेको छ । देशले संघीय राज्य व्यवस्थालाई अबलम्बन गर्दै स्थानीय तहलाई शक्तिशाली बनाएको छ ।

स्थानीय समस्या तथा सवालहरुलाई सहि ढंगले पहिचान गर्ने र उचित सम्बोधन गर्ने जिम्मेवारी अब स्थानीय सरकारहरुलाई आएको छ । यहि परिवेशमा यस बुद्धभूमी नगरपालिका भित्र रहेका सम्पूर्ण बालबालिकाको हकहितको संरक्षण गर्नु यस नगरपालिकाको पहिलो जिम्मेवारी हुनेछ । विभिन्न खाले अपाङ्गता भएका, आमा बुवा दुबै वा दुईमध्ये कुनै एक गुमाएका, संरक्षक विहिन, बाल-श्रमिक, अरुको घरमा, होटल तथा रेष्टुरेन्टमा, विभिन्न पसलहरुमा, उधोगहरुमा, घर तथा बाटो निर्माणमा, यातायातका साधनहरुमा र अन्य व्यवसायमा श्रमिकको रुपमा रहेका, बेचविखन तथा ओसारपसारमा परेका, विद्यालय बाहिर रहेका, हेला/भेदभाव/वेवास्ता र अन्य शारीरिक, मानसिक तथा यौनजन्य दुर्व्यवहारको कारण जोखिममा रहेका, बालविवाह भएको कारण वा बालविवाह हुनसक्ने जोखिममा रहेका, आमाबाबु वा संरक्षकहरु नै दीर्घरोगी भएकाले वा मानसिक रोगी भएकाले वा अपाङ्ग भएकाले जोखिममा रहेका बालबालिकाको हकहित संरक्षण गर्न, यस्ता जोखिममा रहेका बालबालिकाको संरक्षणको अधिकार सुनिश्चित गर्न आवश्यक देखिएको छ । यसरी माथि उल्लेख गरिरका विभिन्न कारण र परिस्थितिले जोखिममा रहेका बालबालिकालाई सुरक्षा तथा संरक्षण प्रत्याभुत गराउदै उनीहरुको सुनौलो भविष्य निर्माण गर्ने कार्यमा महत्वपुर्ण योगदान पुर्याउनका लागि यो बालसंरक्षण नीति निर्माण गर्न लागिएको हो ।

बुद्धभुमी नगरपालिकाले नीतिगत रुपमै बाल संरक्षणका सवालहरुलाई सम्बोधन गर्नुपर्ने र ति सवालहरुलाई सम्बोधन गर्नका लागि वडास्तर देखि नै काम गर्दै जानुपर्ने आवश्यकता छ । तसर्थ बुद्धभूमी नगरपालिकाका सम्पुर्ण पदाधिकारी, नगरसभाका सदस्यहरु, सम्पूर्ण कर्मचारीहरु, शिक्षकहरु, सामाजिक कार्यकर्ता, लगायत सम्पुर्ण सरोकारवालाहरु बालबालिका उपर हुन सक्ने विभिन्न खाले हिंसा , दुर्व्यवहार, वेवास्ता र शोषण तथा संभावित जोखिमहरुको बारेमा चनाखो हुनु त्यसको तथ्यांक राख्नु, त्यस्ता संभावित जोखिमहरुका बारेमा सम्पूर्ण नगरवासीलाई सचेत र सजग गराउनु, बालबालिका उपर यस्ता हिंसा, दुर्व्यवहार, वेवास्ता तथा शोषणका घटना भईहालेमा त्यसको रिर्पोटिङ गर्नु र त्यसरी रिर्पोटिङ भएका घटनाहरुलाई सम्बोधन गर्नु नितान्त आवश्यक छ । बालबालिका उपर यस्ता घटना हुनै नदिन तथा कथमकदाचित भईहालेमा त्यस्ता घटनाको उजुरी गर्न (मौखिक वा लिखित) , उजुरी उपर सुनुवाई गर्न र उचित सम्बोधन गर्नका लागि यस बाल संरक्षण नीतिको आवश्यकता परेको हो । यस नीतिले उजुरी गर्ने र उजुरी उपर सुनुवाई गर्ने एक प्रभावकारी संयन्त्रको निर्माण गर्नका लागि पनि मार्गनिर्देश गर्नेछ ।

बालबालिका उपर गरिने वा हुन सक्ने हिंसा, भेदभाव, वेवास्ता, दुर्व्यवहार तथा शोषण गर्न जस्ता संभावित घटनाहरु बारेमा आम नगरबासीहरुलाई, सबै कर्मचारीहरुलाई, नगर सभाका सदस्यहरुलाई, नगरपालिका प्रतिनिधिहरुलाई र सबै सरोकारवालाहरुलाई सचेत र सजग गराउने, संभावित जोखिमहरुबाट बचाउनका लागि विभिन्न वैकिल्पक क्रियाकलापहरु संचालन गर्ने , घटना भईहालेमा उजुरी गर्ने र उजुरी उपर सुनुवाई गर्दै उचित ढंगले सम्बोधन गर्ने कुरा यस नीतिको मुख्य सिद्धान्त रहनेछ ।

बुद्धभूमी नगरपालिकाका सम्पुर्ण पदाधिकारीहरु, नगरसभाका सम्पुर्ण सदस्यहरु, नगरपालिका अर्न्तगतका सम्पुर्ण कर्मचारीहरु, शिक्षक तथा विद्यालय अर्न्तगतका कर्मचारीहरु, वडा प्रतिनिधिहरु तथा कर्मचारीहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, कर्मचारीहरु तथा स्वयम्सेवकहरु, नगरपालिका तथा वडाहरु सँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपले संम्बन्धित श्रोत व्यक्ति, सहजकर्ता वा स्वयम्सेवक लगायत सवै सरोकारवालाहरुले यो नीति अनिवार्य पालना गर्नुपर्नेछ । नगरकार्यपालिकाबाट पारित भईसकेपछि यो नीति तुरुन्त लागू हुनेछ । बाल संरक्षणका लागि बनाईएका राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुन, नीति, रणनीति तथा नेपालद्धारा गरिएका प्रतिवद्धताहरु पुरा गर्नका लागि यस बाल संरक्षण नीतिले सकरात्मक सहयोग पुराउनेछ ।

**क) हाम्रा प्रतिवद्धताहरु**

बालबालिकालाई वेवास्ता तथा हेलचक्राई, भेदभाव, विभिन्न दुर्व्यवहार, विभिन्न शोषण तथा हिंसाबाट बचाउन वा संरक्षण गर्नका लागि र कथमकदाचित बालबालिका उपर यस्ता घटना भईहालेमा उजुरी लिन, उजुरी उपर सुनुवाई गर्न र उचित सम्बोधन गर्नका लागि यस बुद्धभूमी नगरपालिकाले निम्नानुसारका उपायहरु अवलम्बन गर्नेछ ।

- बुद्धभूमी नगरपालिकाभित्र रहेका विभिन्न खाले अपांगता भएका , आमा बुवा दुबै वा दुईमध्ये कुनै एक गुमाएका, संरक्षक विहिन, बाल श्रमिक (अरुको घरमा, होटल तथा रेष्टुरामा, विभिन्न पसलहरुमा, उधोगहरुमा, घर तथा बाटो निर्माणमा, यातायातका साधनहरुमा र

अन्य व्यवसायमा) श्रमिकको रुपमा रहेका, बेचविखन तथा ओसारपसारमा परेका, विद्यालय बाहिर रहेका, हेला/भेदभाव/वेवास्ता र अन्य शारीरिक, मानसिक तथा यौनजन्य दुर्व्यवहारको कारण जोखिममा रहेका, बाल विवाह भएको कारण वा बाल विवाह हुनसक्ने जोखिममा रहेका, आमाबाबु वा संरक्षकहरु नै दीर्घरोगी भएकाले वा मानसिक रोगी भएकाले वा अपांग भएकाले जोखिममा रहेका बालबालिकाहरुको तथ्यांक संकलन गर्ने , संकलित तथ्यांकको विश्लेषण गर्ने ,अभिलेखीकरण गर्ने र तथ्यांक अध्यावधिक गर्ने ।

- जोखिममा रहेका बालबालिकाहरुको संरक्षण तथा शिक्षा, स्वास्थ्य, सहभागिताको अधिकारलाई सुनिश्चित गर्नका लागि विशेष योजना तय गरि कार्यान्वयन गर्ने ।
- बालबालिका उपर गरिने वेवास्ता, भेदभाद, दुर्व्यवहार, शोषण र हिंसा बारेमा उजुरी सुनुवाई गर्न, अनुसन्धान गर्न र उचित सम्बोधन गर्न सक्ने एक विशेष र अधिकारयुक्त संयन्त्र स्थापित गरी यस्तो संयन्त्रका बारेमा आम नगरबासीलाई विभिन्न माध्यमबाट जानकारी गराउने ।
- बालबालिका उपर हुन सक्ने हिंसा, दुर्व्यवहार शोषण भेदभाव, वेवास्ता र यस्का संभावित जोखिमहरुका बारेमा यस बुद्धभूमी नगरपालिकाका पदाधिकारीहरु, नगरसभाका सदस्यहरु, सबै कर्मचारीहरु, परामर्शदाता, श्रोत व्यक्ति, स्वयसेवकहरु, विभिन्न संघसंस्थाहरुका पदाधिकारी तथा सबै कर्मचारीहरु सचेत छन भन्ने कुरा सुनिश्चित गर्ने ।
- बाल दुर्व्यवहारका घटना सम्बन्धि अनुसन्धान प्रक्रियालाई निष्पक्ष र प्रभावकारी बनाउन आवश्यक सबै सहयोग गर्ने र यस प्रक्रियामा बालबालिकाहरुको सर्वोत्तम हितको सिद्धान्तलाई मुख्य आधार मान्ने ।
- जोखिममा रहेका बालबालिकाहरुको संरक्षण गर्न उनीहरुको हकहितको सुनिश्चत गर्नका लागि अभिभावक आफन्त, समुदाय देखि राष्ट्रिय स्तर सम्मका सम्बन्धित संघ सस्था वा निकाय , विषय विशेषज्ञसँग समन्वय र सहकार्य गर्ने ।
- नगरपालिका अर्न्तगतका प्रत्येक वडालाई बाल विवाह मुक्त बनाउन र बाल मैत्री स्थानीय शासन लागू गर्न आवश्यक सहजीकरण र सहयोग गर्ने ।
- बाल संरक्षण, संर्वद्धन तथा प्रर्वद्धनका लागि नगरपालिकास्तरीय तथा वडास्तरीय संरचना तयार गर्ने । र यस्ता जोखिममा रहेका बालबालिकाहरुलाई मद्दत गर्नका लागि आकस्मिक बाल कोषको व्यवस्था गर्ने ।
- बालबालिकाहरुका समस्या तथा गुनासो सुन्नका लागि फोकल व्यक्ति तोक्ने ।

**ख) प्रतिवद्धताहरु पुरा भएको सुनिश्चित गर्ने तरिका**

- बुद्धभूमी नगरपालिका भित्रका सम्पुर्ण विद्यालय परिवार (विद्यार्थी, शिक्षक, विद्यालय कर्मचारी, विद्यालय व्यवस्थापन समिति), बाल समुह तथा संजालका पदाधिकारी तथा सदस्यहरु, बालबालिकासंग सम्बन्धित संरचना तथा समितिका पदाधिकारीहरु, नगरपालिका तथा वडाका सबै कर्मचारीहरु र सबै अभिभावक तथा बालबालिकाहरुलाई यस बाल संरक्षण नीतिको बारेमा जानकारी दिइनेछ ।
- बुद्धभूमी नगरपालिकाका पदाधिकारीहरु, सभाका सदस्यहरु, नगरपालिकाका सबै कर्मचारीहरु, सबै वडाका पदाधिकारीहरु, सबै कर्मचारीहरु, यस नगरपालिकामा क्रियाशिल गैरसरकारी संघसंस्थाका पदाधिकारीहरु तथा कर्मचारीहरु , राजनैतिक दलका प्रमुख तथा प्रतिनिधीहरुले बालसंरक्षण सम्बन्धि आचारसंहितामा हस्ताक्षर गर्नेछन् र सोहिबमोजिम पालना गर्नेछन् । यसरी हस्ताक्षर गरेको एकप्रति सम्बन्धितसँग र एकप्रति नगरपालिका तथा वडा कार्यालयमा अभिलेख राखिनेछ ।
- वडा तथा नगरपालिका र यहाँ क्रियाशिल विभिन्न सामाजिक वा गैरसरकारी संघ, संस्था, समिति अर्न्तगत नयाँ कर्मचारी भर्ना गर्दा निर्धारण गरिने छनौटका आधारहरुमध्ये बाल संरक्षण नीतिलाई पनि एक मूख्य आधार बनाइनेछ । छनौट प्रक्रियामा लिइने लिखित तथा मौखिक परीक्षाहरुमा बाल संरक्षण र बाल संरक्षण नीतिको बारेमा प्रश्नहरु समावेश गरिनेछ ।
- बालबालिका उपर वेवास्ता वा भेदभाव, दुर्व्यवहार, शोषण, हिंसा भएमा सोको सम्बन्धमा सुचना , जानकारी वा उजुरी दिन सकिने अधिकारयुक्त एक संयन्त्र र प्रभावकारी प्रक्रियाको स्थापना गरिनेछ र सोको बारेमा आम नगरबासीलाई जानकारी हुनेछ ।
- माथि उल्लेखित कुराहरु सुनिश्चित गर्नका लागि बुद्धभूमी नगरपालिकाले बालसंरक्षणका सवालमा क्षमता अभिवृद्धि गर्ने खालका अन्तरक्रिया, तालिम, गोष्ठी र छलफल जस्ता कार्यक्रमहरुको आयोजना गर्नेछ र आफ्नो वार्षिक योजना भित्र बाल संरक्षण सुनिश्चित गर्न मद्दत गर्ने योजनाहरु अनिवार्य समावेश गर्नेछ ।
- बुद्धभूमी नगरपालिकाले अर्धबार्षिक रुपमा बाल समुह तथा संजालका प्रतिनिधिहरुसंग बाल संरक्षण नीतिको प्रभावकारीताको बारेमा समिक्षा गर्नेछ ।

**२. बालसंरक्षण नीतिको लक्ष्य :**

- बालबालिका उपर भईरहेका र हुनसक्ने वेवास्ता, भेदभाव, दुर्व्यवहार, शोषणबाट संरक्षण दिन र थप संभावित जोखिमहरुबाट जोगाउन अझ प्रभावकारी ढंगले काम गर्नका लागि मार्ग निर्देश गर्ने ।
- वेवास्ता, भेदभाव, दुर्व्यवहार र शोषणजन्य क्रियाकलापहरु र त्यसका कारण निम्तिने समस्याहरु र त्यस्ता दुर्व्यवहारबाट बच्न र बचाउन सकिने उपायहरुका बारेमा सबै बालबालिका र अभिभावकहरुलाई सचेत गराउने ।

- विभिन्न कारणले जोखिममा रहेका बालबालिकाहरुलाई पुन: पहिले कै अवस्थामा, उनीहरुकै परिवार वा आफन्तसँग, उनीहरुकै साथी समुह र विद्यालयमा फर्काउन सहयोग गर्ने ।
- बुद्धभुमी नगरपालिकाका पदाधिकारी, सभाका पदाधिकारी, नगरपालिका भित्रका सबै कर्मचारीहरु र अन्य सामाजिक संघ संस्थाका पदाधिकारीहरु र कर्मचारीहरुलाई बालबालिकाहरुको संरक्षण, सुरक्षा, सहभागिता र उनीहरुको समग्र विकासका लागि जिम्मेवार र जवाफदेही बनाउने ।
- बुद्धभुमी नगरपालिका सबै बालबालिकाहरुका लागि सुरक्षित नगरपालिकाको रुपमा स्थापित गर्ने ।

**३. बालसंरक्षण नीतिका क्षेत्रहरु :**

बुद्धभुमी नगरपालिका भित्र रहेका सम्पुर्ण बालबालिकाहरुको अधिकारको संरक्षण र प्रर्बद्धन गर्ने मूख्य दायित्व स्थानीय सरकारको रुपमा यस नगरपालिकाको भएकाले यो नीतिले नगरपालिकासँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सर्म्पकमा आउने बालबालिकाको संरक्षण तथा सुरक्षा सुनिश्चित गर्न बुद्धभूमी नगरपालिका पूर्णरुपमा जिम्मेवार र जवाफदेही छ भनि व्याख्या गरेको छ ।

यस नीतिमा उल्लेख गरिएका सबै प्रतिवद्धताहरु बुद्धभुमी नगरपालिकाका सवै पदाधिकारीहरु तथा कर्मचारीहरु वडा कार्यालयका सवै पदाधिकारीहरु तथा कर्मचारीहरु , विभिन्न सामाजिक संघ सस्थाका पदाधिकारी , प्रतिनिधिहरु र कर्मचारीहरु, नगरपालिका, वडा कार्यालय र विभिन्न सामाजिक संघ संस्थासंग सम्बन्धित श्रोत व्यक्तिहरु, परामर्शकर्ताहरु, विषय विशेषज्ञहरु, अनुसन्धानकर्ताहरु, सर्वेक्षकहरु र स्वयम्सेवकहरु सबैलाई लागू हुनेछ ।

आफ्नो कार्यक्षेत्र वा सर्म्पक भन्दा बाहिरका बालबालिकाहरुको संरक्षणका सवाल पनि यो नीतिमा समावेश गरिएको छ । यस नीतिले बालबालिकालाई दुर्व्यवहारबाट संरक्षण दिनका लागि उचित व्यवहारको प्रदर्शन र आचारसंहिताको पालनाको सम्बन्धमा पनि निर्देशन दिएको छ । त्यसैले बुद्धभूमी नगरपालिकासँग सम्बन्धित जो कसैलाई पनि यो नीति अनिवार्य लागू हुनेछ र कार्यान्वियनमा ल्याए नल्याएको अनुगमन गरिने छ ।

**४. बालबालिकासंग काम गर्नका लागि मूल्य,मान्यता तथा सिद्धान्तहरु :**

बालबालिकाको हितको संरक्षण गर्नका लागि काम गर्नु भनेको उनीहरुको अधिकारको प्रवर्द्धन गर्नु हो । बुद्धभूमी नगरपालिकाले बालअधिकारको संरक्षण गर्नका लागि निम्न मुल्य, मान्यता र सिद्धान्तहरुमा विश्वास गर्दछ ।

- नगरपालिका, वडा तथा यस क्षेत्र भित्र क्रियाशिल विभिन्न सामाजिक संघ संस्थाहरुले तय गरेका नीति नियम, रणनीति, योजना, कार्यान्वय प्रक्रियाले सबै बालबालिकाहरुको बाँच्न पाउने, बिकास गर्न पाउने, आफ्नो विचार र भावना राख्न पाउने र संरक्षण पाउने अधिकारलाई मध्यनजर राख्दै सम्बोधन गरिनुपर्छ ।
- बालबालिका सम्वद्ध राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनसँग नबाझिने गरी बालबालिकाहरुको आफ्नै सामाजिक, सांस्कृतिक, तथा धार्मिक परिवेशमा रहि बालबालिकाको मूल्यांकन, कदर तथा पहिचान गरि आवश्यक सहयोग गरिनुपर्छ ।
- बालबालिकाहरुको लागि उनीहरुकै परिवार , आमाबुवा, अभिभावक वा आफन्तहरुकै न्यायो माया र हेरचाह महत्वपूर्ण हुने भएकोले जोखिममा रहेका बालबालिकाहरुलाई संभव भएसम्म पुन: उनीहरुकै परिवार वा आफन्तसंग पुन: स्थापना गराईनुपर्छ ।
- बालबालिकासंग सरोकार राख्ने प्रत्येक निर्णय प्रक्रियामा बालबालिकाहरुले आफ्नो विचार र भावना राख्न सक्ने वातावरण निमार्ण गरिनुपर्छ । उनीहरुको विचार र भावनाको सुनुवाई हुनुपर्छ र बालबालिकाको सर्वोत्तम हितलाई ख्याल गर्दै उनीहरुको विचार र भावनाको संवोधन गरिनुपर्छ । यदि संवोधन गर्न नसकिने अवस्था भएमा त्यसको स्पष्ट कारणहरु बालबालिकाहरुलाई बताइएको हुनुपर्छ ।
- कुनैपनि आधारमा बालबालिका उपर वेवास्ता , हेलचक्र्याइँ र भेदभाव गरिनुहुदैन ।

**५ ) नगर तथा बडा बालसंरक्षण समितिका पदाधिकारीहरुले बालबालिकासंग सम्पर्कमा आउदा ध्यान दिनु पर्ने विषयहरु:**

- बालबालिकालाई सम्मानपुर्वक व्यवहार गर्ने तथा उनीहरुलाई अधिकार प्राप्त व्यक्तिको रुपमा मान्यता दिने
- उनीहरुलाई सकरात्मक दृष्टिले हेर्ने , तथा विशेष आवश्यकता भएका एंव अधिकार प्राप्त तथा फरक रुपमा योगदान दिन सक्ने व्यक्तिको रुपमा मान्यता दिने ,
- उनीहरुसंग आपसी विश्वास तथा सम्मानमा आधारित भएर सहयोग तथा सहभागिताको भावनाका साथ काम गर्ने
- उनीहरुको दृष्टिकोणलाई मान्यता दिई गम्भीर रुपमा लिने ,
- उनीहरुमा अर्न्तनिहित क्षमता तथा योग्यताको अभिवृद्धि तथा उनीहरुको क्षमता विकास गर्ने काम गर्ने,
- बालबालिकाको सर्वोत्तम हीत हुनेगरी उनीहरुकै परिवेशमा उनीहरुलाई बुझ्ने भरमग्दुर कोशिस गर्ने ,

**६) बुद्धभूमी नगरपालिकाको बालसंरक्षण सम्बन्धि आचार संहिता:**

बुद्धभुमी नगरपालिकाका सबै पदाधिकारीहरु तथा कर्मचारीहरु वडा कार्यालयका सवै पदाधिकारीहरु तथा कर्मचारीहरु, विभिन्न सामाजिक संघ

सस्थाका पदाधिकारी र कर्मचारीहरु, विभिन्न सामाजिक संघ संस्थासंग सम्बन्धित श्रोत व्यक्तिहरु, परामर्शकर्ताहरु, विषय विशेषज्ञहरु, अनुसन्धानकर्ताहरु , सर्वेक्षकहरु र स्वयंसेवकहरुले अनिवार्य रुपमा पालना गर्नुपर्ने आचारसंहिता निम्न वमोजिम रहेको छ ।

- बालअधिकार भनेको के हो ? बालबालिकाहरुको अधिकार र कर्तव्य के के हुन ? के कस्तो व्यवहार राम्रो हुन्छ ? कस्तो व्यवहार नराम्रो हुन्छ ? भन्ने बारेमा बालबालिकालाई जानकारी दिनको लागि उनीहरुसँगै बसेर छलफल गर्ने र उनीहरुलाई महशुस गर्न सहयोग गर्ने ।
- बालबालिकाहरुसँग सम्बन्धित काम गर्दा वा उनीहरुसंग स्पष्ट बुझिने गरि कुरा गर्नुपर्दछ ।
- बालबालिकाहरुसँग कुनैपनि काम गर्दा उनीहरुको शरीर , मन मष्तिक , शिक्षा र सहभागितामा हानी नोक्सानी वा खतरा वा जोखिम नहुने स्थान , मिति र समय छनौट गर्नुपर्दछ ।
- यदि कुनै पनि योजना, कार्यक्रम वा क्रियाकलापले बालबालिकाहरुलाई जोखिममा पार्ने वा हानीनोक्सानी पुर्याउने संभावना छ भने त्यस्ता योजना, कार्यक्रम वा क्रियाकलापहरु तुरुन्त रोक्नुपर्दछ। त्यसका बारेमा सम्बन्धित सबै सरोकारवालाहरु , अभिभावकहरु र बालबालिकाहरुलाई जति सक्यो चाडो जानकारी गराउनुपर्दछ ।
- कुनै बालबालिका माथि कुनै पनि प्रकारको घटना भयो वा समस्या आइपर्यो भने त्यसको समाधानको लागि उनीहरुसंगै छलफल गरेर उनीहरु के चाहन्छन ?, आफै के गर्न चाहान्छन् ? अरुबाट कस्तो सहयोग चाहान्छन ? भन्ने कुराहरु बुझेर सोहि बमोजिमको सहयोग जुटाउन सहजीकरण गर्नुपर्दछ ।
- यौन दुर्व्यवहार लगायतका विभिन्न दुर्व्यवहारबाट बच्न सकिने उपायहरु बारेमा बालबालिकाहरुलाई सिकाउनुपर्दछ र यदि त्यस्ता घटनाहरु भईहालेमा रिर्पोटिङ गर्ने निकाय र प्रक्रियाको बारेमा बालबालिकाहरु र तिनिहरुका अभिभावकलाई जानकारी दिनुपर्दछ ।
- बालबालिकाहरुले बाल दुर्व्यवहार सम्बन्धि कुनै पनि सवाल उठाई छलफल गर्न सक्ने सहज वातावरण तयार गरिदिनुपर्दछ ।
- कुनै पनि नीति , योजना , कार्ययोजना वा क्रियाकलाप तर्जुमा गर्दा , कार्यान्वयन गर्दा र बालबालिकासंग सम्बन्धित कुनै पनि निर्णय गर्दा जहिले पनि बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्दछ ।
- बालबालिका सम्बन्धित कुनै पनि सुचना वा जानकारीहरुको आवश्यकता अनुसार गोपनीयता कायम गर्नुपर्दछ । बालबालिकाको सर्वोत्तम हितलाई ख्याल गर्दै उनीहरुका आमाबुबा वा अभिभावकहरुसँग परामर्श गरि स्वीकृति लिएर आवश्यक सुचना वा जानकारी अत्यन्त सम्बन्धित व्यक्ति, निकाय वा संस्थालाई उपलब्ध गराउनुपर्दछ ।
- बालबालिकाहरुसँग सम्बन्धित परिस्थिति विश्लेषण , योजना तर्जुमा, कार्यान्वियन प्रक्रिया , अनुगमन तथा समिक्षा र मूल्यांकन अथवा उपलब्धीको मापन गर्ने प्रकृयामा बालबालिकाको सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्दछ ।
- बालबालिकाहरुलाई सकरात्मक उत्प्रेरणा मिल्ने, हौसला मिल्ने र उनीहरु खुसी हुने व्यवहार प्रर्दशन गर्नुपर्दछ ।
- सबै बालबालिकाहरुप्रति समान व्यवहार गर्नुपर्दछ ।
- यदि कसैले बालबालिकाहरुको संरक्षणमा बाधा पुराउने र उनीहरुलाई जोखिममा पार्ने काम गर्दैछ भने त्यस्ता क्रियाकलापहरुलाई निरुत्साहित गर्नुपर्दछ ।
- यदि कुनै बालबालिका आफ्नो वा अरु कुनै बालबालिकाको घटना वा समस्या बताउदैछन भने धैर्यतापूर्वक सुन्नुपर्दछ । र थप कुरा सुनाउनका लागि उनीहरुलाई उत्प्रेरित गर्नुपर्दछ ।

ख ) बुद्धभुमी नगरपालिकाका सवै पदाधिकारीहरु तथा कर्मचारीहरु वडा कार्यालयका सवै पदाधिकारीहरु तथा कर्मचारीहरु , विभिन्न सामाजिक संघ सस्थाका पदाधिकारी र कर्मचारीहरु, नगरपालिका, वडा कार्यालय र विभिन्न सामाजिक संघ संस्थासंग सम्बन्धित श्रोत व्यक्तिहरु, परामर्शकर्ताहरु, विषय विशेषज्ञहरु, अनुसन्धानकर्ताहरु , सर्वेक्षकहरु र स्वयंसेवकहरु तथा अन्य व्यक्तिहरुले गर्न नहुने कामहरु :

- ✓ बालबालिकालाई पिट्ने ,कुट्ने , गाली गलौज गर्ने लगायतका शारीरिक वा मानसिक यातना दिने वा अन्य दुर्व्यवहार हुने खालको व्यवहार गर्नुहुदैन ।
- ✓ अरुबाट टाढा वा एक्लै राखेर कुनै पनि बालकबालिकासँग चाहिने भन्दा बढि समय बिताउनु हुदैन ।
- ✓ बालबालिकाहरुसँग कुनै पनि किसिमका यौनजन्य क्रियाकलाप गर्नुहुदैन ।
- ✓ यौन आशय झल्किने खालका वा बालबालिकाहरुलाई उत्तेजित बनाउने खालका शब्द, भाषा, उखान टुक्का, चित्र, फोटो, भिडियो, फिल्मको प्रयोग गर्नुहुदैन ।
- ✓ लैंगिक भेदभावलाई प्रश्रय दिने खालका कुनै पनि उखान टुक्का , कथा , कविता, गित सुन्न सुनाउनु हुदैन ।
- ✓ बालबालिकाहरुलाई हीनताबोध हुने , नियास्रो लाग्ने, लज्जित बनाउने, मनोभावनामा चोट पुग्ने कुनै पनि क्रियाकलाप , व्यवहार , शब्द वा भाषा प्रयोग गर्नुहुदैन ।
- ✓ संरक्षक विना कुनै पनि बालबालिकालाई आफूसँग राति बास बसाउनु हुदैन वा अभिभावक वा संरक्षक विना उनीहरुबाट टाढा लग्नुहुदैन ।
- ✓ बालबालिकाहरुलाई दुर्व्यसन वा कुलत तिर उत्प्रेरित गर्ने खालको क्रियाकलाप गर्नु वा गराउनु हुदैन ।

- ✓ बाल विवाहसँग सम्बन्धित कुनै पनि भोज भतेर, जन्ती, लोकन्ती वा अन्य कार्यक्रममा संलग्न हुनु हुदैन ।
- ✓ बालबालिकालाई जोखिमपूर्ण काममा लगाउनु हुदैन, बाल श्रमिकको रुपमा राख्नुहुदैन । बालबालिकालाई घरेलु सहायकको रुपमा राखिन्छ भने उनीहरुको विद्यालय शिक्षा , स्वास्थ्य उपचार , सम्मान र उचित पारिश्रमिकको कुरा सुनिश्चित गर्नुपर्दछ । यसो गर्दा सम्बन्धित वडा तथा नगरपालिकाबाट स्वीकृति लिनुपर्दछ ।
- ✓ बालबालिकाको हित विपरित हुने सुचना वा जानकारी सार्वजनिक गर्नु हुदैन ।
- ✓ कुनै पनि आधारमा बालबालिका बिच तुलना गरी बोल्नु वा बोलाउनु र भेदभावपूर्ण व्यवहार गर्न हुदैन ।
- ✓ बालबालिकाहरुले आफूलाई वा अरु बालबालिकाहरुलाई भएको दुर्व्यवहारको घटना वा समस्या बताउन लागेको बेला हास्ने,भन्न रोकिदिने वा निरुत्साहित गर्ने काम गर्नुहुदैन ।
- ✓ बालबालिकाहरुबाट हुनसक्ने गैरकानुनी, असुरक्षित वा दुर्व्यवहारजन्य कामलाई प्रोत्साहित गर्नुहुदैन , बेवास्ता गर्नुहुदैन र त्यसमा सहभागी हुनुहुदैन ।
- ✓ बालबालिकाहरुको हित विपरीत हुने कुनै पनि निर्णय प्रकृया वा क्रियाकलापमामा सहभागि हुनुहुदैन ।
- ✓ बालबालिकाहरुलाई जोखिममा पार्ने, उनीहरुलाई नोक्सान पुराउने कुनै पनि कृयाकलाप वा व्यवहार गर्नुहुदैन ।

७) बुद्धभूमीनगरपालिकाका पदाधिकारीहरु तथा कर्मचारीहरु ,वडा कार्यालयका पदाधिकारीहरु तथा कर्मचारीहरु , विभिन्न सामाजिक संघ सस्थाका पदाधिकारी र कर्मचारीहरु , नगरपालिका, वडा कार्यालय र विभिन्न सामाजिक संघ संस्थासँग सम्बन्धित श्रोत व्यक्तिहरु , परामर्शकर्ताहरु , विषय विशेषज्ञहरु , अनुसन्धानकर्ताहरु , सर्वेक्षकहरु तथा अन्य व्यक्तिले बालबालिका उपर यौन दुर्व्यवहार वा मानसिक तथा शारीरिक यातना दिने खालको दुर्व्यवहार गरेको कुरा कुनै पनि श्रोतबाट जानकारी भएमा:

- बुद्धभूमी नगरपालिकाका पदाधिकारीहरु तथा कर्मचारीहरु,वडा कार्यालयका पदाधिकारीहरु तथा कर्मचारीहरु , विभिन्न सामाजिक संघ सस्थाका पदाधिकारी र कर्मचारीहरु , नगरपालिका, वडा कार्यालय र विभिन्न सामाजिक संघ संस्थासँग सम्बन्धित श्रोत व्यक्तिहरु , परामर्शकर्ताहरु , विषय विशेषज्ञहरु , अनुसन्धानकर्ताहरु , सर्वेक्षकहरुले बालबालिका उपर यौन दुर्व्यवहार वा मानसिक तथा शारीरिक यातना दिने खालको दुर्व्यवहार गरेको कुरा कुनै पनि श्रोतबाट जानकारी भएमा उक्त जानकारी उपर बुद्धभूमी नगरपालिकाबाट तत्काल अनुसन्धान शुरु गरिनेछ ।
- अनुसन्धान पश्चात घटनाको प्रकृति हेरेर सामान्य दुर्व्यवहार भएको खण्डमा सम्बन्धित पदाधिकारी  कर्मचारी तथा अन्य व्यक्तिलाई सचेत हुनका लागि लिखित रुपमै चेतावनी पत्र दिइनेछ ।
- तर अनुसन्धान पश्चात सम्बन्धित पदाधिकारी वा कर्मचारी तथा अन्य व्यक्तिलाई दोषी प्रमाणित भएको खण्डमा कानुनी कार्बाहीका लागि बुद्धभूमी नगरपालिका स्वयमले आवश्यक प्रक्रिया अघि बढाउनेछ ।

**८) यौनजन्य वा अन्य दुर्व्यवहारका घटनाहरुबारे सुनुवाई हुने प्रक्रिया :**

- बालबालिका माथी कुनै पनि खालको दुर्व्यवहार भएमा वडा अध्यक्ष तथा नगर प्रमुखलाई जानकारी गराईने छ ।
- बालबालिकाहरुलाई समस्या परेमा नगरपालिकाले तोकेको सम्बन्धित फोकल व्यक्ति मार्फत आफ्नो गुनासो टिपाउन सक्ने छन् ।
- यी सुचना उपलब्ध गराउने सुचनाका श्रोतहरु गोप्य राखिनेछ ।

**९) गोपनियता :**

यस नीति अर्न्तगत गरिने कुनै पनि व्यवहार वा कार्वाही प्रक्रियामा बालबालिकाको गोपनीयताको अधिकारलाई अनिर्वाय सम्मान गरिनु पर्दछ । यदि गोपनीयता कायम गर्न सकिएन भने त्यसले उल्टै बालबालिकाहरुलाई नै  नकरात्मक प्रभाव पर्न सक्छ र थप जोखिम तिर धकेल्न सक्ने संभावना रहन्छ । तर्सथ , यससँग सम्बन्धित सबै पदाधिकारी तथा कर्मचारीहरुले सम्बन्धित बालबालिका र व्यक्तिहरुको सुचनाको रक्षा गर्ने कुरामा अत्याधिक सावधानी अपनाउनुपर्छ र त्यस्ता सुचना यस नीतिमा वर्णन गरिएको प्रतिवेदन प्रकृयाअनुसार यसबारे जानकारी जस जसले पाउनुपर्ने हो ति व्यक्ति तथा निकायलाई मात्र उपलब्ध गराउनुपर्दछ ।

**१०. बाल संरक्षण समिति :**

यस बुद्धभुमी नगरपालिकामा बाल संरक्षणका सवालहरुको प्रत्यक्ष निगरानी तथा तत्काल सहयोगका लागि नगर स्तरमा नगर स्तरीय बाल संरक्षण समिति साथै प्रत्येक वडामा वडा बाल संरक्षण समिति गठन गरिने छ । जसमा देहायका सदस्यहरु रहने छन् ।

**<u>नगर स्तरीय बाल संरक्षण समिति</u>**

| | |
|---|---|
| क) नगर प्रमुख – | अध्यक्ष |
| ख) नगर उपप्रमुख– | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत  – | सदस्य |

घ) सामाजिक बिकास शाखा प्रमुख – सदस्य
ङ) स्वास्थ्य शाखा प्रमुख – सदस्य
च) प्रहरी प्रतिनिधि – सदस्य
छ) बाल संजाल प्रतिनिधि २ जना(१ बालक, १ बालिका) – सदस्य
ज) वडा बाल संरक्षण समिति अध्यक्ष – पदेन सदस्य
झ) महिला तथा बाल बालिका शाखा प्रमुख – सदस्य सचिव

**नगर स्तरीय बाल संरक्षण समितिको काम, कर्तब्य र अधिकार:**

क) बालबालिकाका लागि नीतिगत व्यवस्था, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने।

ख) आवश्यकता अनुसार उप समिति गठन गरी परिचालन गर्ने ।

(ग) बालबालिकाका योजनाका सम्बन्धमा महत्वपूर्ण निर्णयहरु गर्दा सम्बन्धित बाल समूह, बाल सञ्जालका प्रतिनिधि वा बालबालिकाहरुसँग परामर्श गरी कार्यक्रम गर्ने ।

(घ) नगरपालिका भित्र बाल बालिकाको अवस्था पत्ता लगाई बिश्लेषण तथा उप समितिहरुलाई जानकारी गराउने ।

(ङ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको (हिंसा, दुर्व्यवहार, बेचबिखनको जोखिममा रहेका,अभिभावक गुमाएका, बिपतमा परेका, पारिवारिक आर्थिक अवस्था कमजोर भएका, अपाङ्ग) पहिचान गर्ने र अन्तरिम संरक्षणको व्यवस्था गर्ने/गराउने ।

(च) बालअधिकारको संरक्षण र सम्बर्द्धनका निमित्त चेतना अभिबृद्धि गर्न जागरण सिर्जना गर्ने, गराउने ।

(छ) बालअधिकारका निमित्त विकासका साझेदार तथा जिल्लास्तरका अन्य निकायहरुबीच समन्वय गर्ने र बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने ।

(ज) बालअधिकार हनन् भएका घटनाहरुका सम्बन्धमा जानकारी प्राप्त गर्ने र कानूनी कारवाहीमा आवश्यक सहयोग गर्ने ।

(झ) स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरु लगायतलाई बालअधिकार संरक्षण एवं सम्बर्द्धनका विषयमा तालिम तथा अभिमूखिकरण गर्ने ।

(ञ) बाल संरक्षणका घटनाहरुको तथ्याङ्कहरुको बिश्लेषण गरी योजना निर्माण गर्ने ।

(ट) बालसंरक्षणमा आवश्यक सहयोग पुर्याउन आकस्मिक सहयोग, कानूनी सहायता, अन्तरिम हेरचाह सम्बन्धी विषयमा सम्बन्धित निकायमा सम्बन्ध स्थापना वा सिफारिस गर्ने ।

(ठ) नगरपालिकामा बालबालिकाको क्षेत्रमा सञ्चालन भएका कार्यक्रमहरु बीच समन्वय गर्ने र कार्यक्रमलाई प्रभावकारी बनाउन सहयोग गर्ने ।

(ड) बाल न्याय सम्बन्धी सेवा प्रदान गर्ने व्यक्ति वा संस्था एवं निकायहरुको सूचि तयार पार्ने ।

**वडा बाल संरक्षण समिति**

यस बुद्धभुमी नगरपालिकाका सम्पुर्ण वडाहरुमा बालबालिकाहरुको संरक्षणका लागि नगर स्तरीय बाल संरक्षण समितिको मातहतमा रहने गरि नगरपालिकाको प्रत्येक वडामा वडा बाल संरक्षण समिति स्थापना गरिने छ ।जसमा निम्नानुसारका पदाधिकारीहरु रहने छन् ।

क) वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको ब्यक्ति – अध्यक्ष
ख) वडाका बिद्यालयहरुमध्येबाट वडाले तोकेको बिद्यालयको प्र.अ. १ जना– सदस्य
ग) महिला स्वास्थ्य संवयसेवीका मध्येबाट वडाले तोकेको १ जना– सदस्य
घ) बालबालिकाको क्षेत्रमा कार्य गर्ने संस्था वा ब्यक्ति मध्येबाट १ जना – सदस्य
ङ) महिला समुह ,आमा समुह बाट १ जना– सदस्य
छ) बाल समुह/संजाल प्रतिनिधि २ जना (१ बालक, १ बालिका) – सदस्य
ज) दलित, जनजाति, पिछडा बर्ग, अत्पसंख्यक, मुस्लिम समुदायको प्रतिनिधित्व हुनेगरी ३ जना – सदस्य

**वडा बाल संरक्षण समितिको काम, कर्तब्य र अधिकार**

(क) सम्बन्धित वडामा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन गर्ने, अद्यावधिक गर्ने र नगर स्तरीय बालसंरक्षण समिति तथा वडा कार्यालयमा पेश गर्ने ।

(ख) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्था, बाल समुह, बालसंरक्षण समिति, लगायतका निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरी बालअधिकार प्रबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने/गराउने ।

(ग) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी नेपाल सरकारका बिभिन्न निकाय, अन्य सरकारी निकायहरु र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित कार्यक्रमको रेखदेख र निरीक्षण गर्ने ।

(घ) बालअधिकारको संरक्षण र सम्बर्द्धनका निमित्त चेतना अभिबृद्धि गर्न जागरण सिर्जना गर्ने ।

(ङ) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने । कार्यक्रमको सञ्चालन गर्नको लागि आवश्यक परामर्श गरी सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई सुझाव दिने ।

(च) बालअधिकार हनन् भएका घटनाका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गर्ने ।

(छ) आवश्यकता अनुसार बालबालिकाको निमित्त आकस्मिक सहयोगको व्यवस्था मिलाउने ।

(ज) बालसंरक्षणका सवालका विषयमा वकालत गर्ने र वडा समितिलाई बालसंरक्षण कार्यमा प्रभावकारी सहयोग गर्ने ।

(झ) वडामा बालबालिकासम्बन्धी कार्यक्रम सञ्चालन गरिएको भए त्यसको प्रगति प्रतिबेदन तयार पार्ने र सम्बन्धित निकायमा पेश गर्ने ।

(ञ) संरक्षणको आवश्यकता परेका बालबालिकाहरुलाई सहयोग तथा संरक्षणका लागि पहल तथा सम्प्रेषण गर्ने ।

**११.आकस्मिक बाल कोष**

बुद्धभुमी नगरपालिकाले बालबालिकाहरुलाई आकस्मिक अवस्थामा तुरुन्त सहयोग प्रदान गर्नका लागि नगर स्तर तथा वडा स्तरमा आकस्मिक बाल कोषको स्थापना गर्ने छ । आकस्मिक बाल कोष बाल संरक्षण समितिको मातहतमा रहने छ । नगर/वडा बाल संरक्षण समितिले स्थानीयब स्तरमा बालसंरक्षणका लागि बालबालिकालाई तत्काल गर्ने सहयोगलाई सहज बनाउन एक कोषको खडा गर्नेछ । यस कोषमा बाल संरक्षण समितिले विभिन्न संघसंस्था तथा सरकारी कार्यालयबाट रकम प्राप्त गरी बालबालिकाको संरक्षणको क्षेत्रमा खर्च गर्न सक्नेछ ।

**कोषको संचालनका लागि बाल संरक्षण समितिले पूरा गर्नु पर्ने मापदण्डहरु :**

१.आपतकालीन कोषको कार्यविधि लागू तथा कार्यान्वयन गर्ने निर्णय गरेको हुनु पर्ने।

२. आपतकालीन कोष संचालन गर्न स्रोत खोजि गर्नु पर्ने ।

३. आपतकालीन बाल कोषका लागि छुट्टै बैंक खाता संचालन गरेको हुनु पर्ने ।

**कोषबाट खर्च गर्ने प्रक्रिया :**

आपतकालीन सहयोग गर्ने मापदण्ड बमोजिम बालसंरक्षण समितिको निर्णयबाट यस्तो रकम खर्च गर्ने निर्णय गरी खर्चको प्रक्रिया अगाडी बढाइने छ । खर्च रकमको विल तथा भर्पाइ राख्नु पर्ने छ । कोषको रकमबाट अध्यक्षको निगरानीमा बढिमा २ हजार तथा विशेष परिस्थितिमा विशेष निर्णयले रु ५ हजार सम्म सहयोग गर्न सकिने छ ।

**कोषबाट फाइदा पाउने बालबालिकाहरु :**

१. आमा वा बुवा वा बाबुआमा दुवैको मृत्यु भएको वा आफन्तको संरक्षणमा रहेको तथा आफन्तले सो बालक वा बालिकाको लागि आपतकालीन सहयोग गर्न असक्षम रहेको अवस्था ।

२. अति गरिब तथा अशक्त बालबालिकाहरु जसको संरक्षक पनि अति गरिबीको मारमा रहेका बाल बालिका ।

३. बिपद/बेचबिखन/दुर्व्यवहारको जोखिममा रहेका बाल बालिकाहरु ।

**कोषको सामाजिक लेखापरिक्षण तथा अनुगमन :**

कोषको सामाजिक लेखापरीक्षण गराउनु पर्नेछ । साथै नगरपालिकाले पनि यस कोषको बेला बेलामा अनुगमन गर्नेछ । सहयोगी संस्थालाई समेत यो कोषको अनुगमन गर्ने अधिकार रहने छ । साथै कोषको बार्षिक रुपमा समिक्षा तथा सार्वजनीकरण गर्नु पर्नेछ ।

## बाल समूह गठन तथा सहजीकरण निर्देशिका- २०७५

कार्यपालिका बाट पारित मिति : २०७५।०५।३१ गते

**प्रस्तावना :**

नेपालको संविधानको मौलिक हकमा उल्लेख भएको बालबालिकाको सहभागिताको अधिकार तथा नागरिकहरूको संगठनस्वतन्त्रता र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यवहारिक कार्यान्वयनमा सहयोग पुर्याउन, नेपाल सरकारले लागू गरिआएको बालमैत्री स्थानीय शासन रणनीति अन्तर्गत बाल समूह गठन तथा सहजीकरण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी ढंगले लागु गर्न गराउन सहयोग पुगोस भन्ने उद्देश्यले बुद्धभूमी नगरपालिकाले यो निर्देशिका जारी गरेको छ।

### परिच्छेद १ : प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस निर्देशिकाको नाम "बाल समूह गठन तथा सहजीकरण निर्देशिका,२०७५" रहेको छ।

२) यो निर्देशिका नगरपालिका अर्न्तगतका बाल समूह, स्थानीय संघ संस्था तथा सामाजिक परिचालकहरुले अवलम्बन गर्न सक्नेछन्।

३) यो निर्देशिका नगरपालिकाको कार्यपालिकावाट अनुमोदन भएको मिति देखी नै लागु हुनेछ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकाको प्रयोजनका लागि निम्न परिभाषा कायम गरिएको छ :

(क) स्थानीय तह : स्थानीय तह भन्नाले बुद्धभूमी नगरपालिकालाई जनाउनेछ।

(ख) सेवा प्रदायक कार्यालय : नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह अन्तर्गत स्थानीय तहमा सेवा प्रवाह गरिरहेका कार्यालय, स्वास्थ्य चौकी, विद्यालय श्रोत केन्द्र, प्रहरी चौकी तथा यस्ता अन्य निकायहरूलाई जनाउनेछ।

(ग) बाल समूह :भन्नाले यस निर्देशिका बमोजिम गठन भई स्थानीय तहमा सूचीकृत भएका १८ वर्ष भन्दा कम उमेरका बालबालिकाको समुह वा संगठनलाई जनाउनेछ।

(घ) बाल सञ्जाल: भन्नाले यस निर्देशिका बमोजिम गठन भएका बाल समूहहरूको सञ्जाललाई जनाउनेछ।

(ङ) विशिष्टीकृत बाल समूह: भन्नाले विश्वव्यापी प्रचलनमा रहेका विधि तथा नेपाल सरकारका विशिष्टीकृत निकायले विशिष्ट उद्देश्यले निर्माण गरेका समूहमा आवद्ध बाल समूहलाई जनाउनेछ। जस्तो: जुनियर रेडक्रस, राष्ट्रिय रोट्याक्ट क्लव, लियो क्लव, रेयुकाई समूह जस्ता विशेष समूहलाई जनाउनेछ।

(च) सहजकर्ता: भन्नाले बाल समूहको गठन तथा सञ्चालनमा सहयोग तथा सहजीकरण गर्नका लागि यस निर्देशिका बमोजिम नियुक्त व्यक्तिलाई जनाउनेछ।

(छ) सहयोगी संस्था : भन्नाले स्थानीय तहमा बाल समूह सञ्चालनमा सहयोग गर्ने तथा बाल सहभागिताका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका सम्बन्धित निकायबाट अनुमति प्राप्त नेपालमा दर्ता गैरसरकारी संस्थाहरूलाई जनाउनेछ।

(ज) सामाजिक परिचालक : भन्नाले स्थानीय तहमा समुदाय परिचालनको काममा क्रियाशिल तथा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, गरिवी निवारण जस्ता कुनै कार्यक्रम सञ्चालन गर्न नियुक्त सामाजिक परिचालकलाई जनाउनेछ।

(झ) संरक्षक शिक्षक : भन्नाले विद्यालयमा बाल समूहलाई सहयोग तथा सहजीकरण गर्न तोकिएको शिक्षकलाई जनाउनेछ।

३. निर्देशिकाको उद्देश्य :

यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छ :

(क) बालबालिकाको संगठन स्वतन्त्रताको अधिकारलाई व्यवस्थित र प्रभावकारी कार्यान्वियन गर्ने।

(ख) बाल समूहहरूको गठन, सञ्चालन तथा सहभागितालाई अर्थपूर्ण, नैतिक, सुरक्षित र पारदर्शी तथा समावेशी बनाउने।

(ग) बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनमा टेवा पुर्याउने।

(घ) स्थानीय विकासका हरेक प्रक्रियामा सार्थक वाल प्रतिनिधित्व मार्फत वालमैत्री पुर्वाधार विकासमा टेवा पुर्याउने।

(ङ) सबै बालसमूहहरुको गठन, क्षमता विकास र परिचालनमा एकरुपता ल्याउने।

(च) नगरपालिका तथा वडाहरुको बार्षिक योजना चक्र (योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मुल्याँकन र उपलब्धि मापन) मा सार्थक बालसहभागिता सुनिश्चित गर्ने।

**४. निर्देशिकाको कार्यान्वयन देहाय अनुसार हुनेछ।**

(क) स्थानीय तहमा बाल समूह/सजांल गठन तथा सहजीकरणका लागि यस निर्देशिका बमोजिम गर्नु गराउनु नगरपालिकाको दायित्व हुनेछ।

(ख) बाल सहभागिता तथा बाल समूह सहजीकरणमा क्रियाशिल राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा विकासका साझेदारहरूले यस

निर्देशिकाको अवलम्बन गर्नु गराउनु उनीहरूको जिम्मेवारी हुनेछ।

(ग) विशिष्टीकृत बाल समूहहरूको सन्दर्भमा यो निर्देशिका लागू हुनेछैन।

**परिच्छेद २: बाल समूहको गठन प्रक्रिया**

(१) बाल समूह सामान्य अवस्थामा २५ जना वा सोभन्दा बढी बालबालिका भेला भई कुनै निश्चित विषय वा क्षेत्रका बालबालिकाका सरोकारहरूमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बालअधिकारको प्रचार प्रसार र अनुगमन गर्न गठन गरिएको समूहलाई नै बाल समूह मानिनेछ।

(२) सबै बाल समूहहरू स्थानीय तहमा अनिवार्य सूचीकृत र नवीकरण हुनुपर्नेछ।

(३) एक विद्यालयमा एक बाल समूह रहनेछ। विभिन्न उमेर र विषयगत बाल समूहहरू सोही बाल समूह अन्तर्गत उपसमूहका रुपमा क्रियाशील हुन सक्नेछन्।

(४) विद्यालयस्तरका वाल उपसमुह गठन गर्दा तीन वटा उमेर समूहका (५ देखि ११ वर्ष उमेर समूह, १२ देखि १५ वर्ष उमेर समूह र १६ देखि १८ वर्ष उमेर समूह) आधारमा छुट्टाछुट्टै गठन गर्नुपर्नेछ।

तर समुदायस्तरका वाल समुह गठन गर्दा १० देखि १८ वर्ष उमेर समुहको एउटै वाल समुह गठन गर्न वाधा पर्ने छैन्।

(५) बाल समूह सामान्यतया ५ प्रकारका हुनेछन् :

(क) समुदायमा आधारित बाल समूहहरू देहाय अनुसार हुनेछन :

(अ) समुदायमा आधारित बाल समूह निश्चित भूगोल भित्रका बालबालिकालाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर गठन भएका बाल समूहहरु लाई समुदायमा आधारित बाल समुह भनिनेछ।

(आ) यस्ता बालसमूहहरु कुनै टोल, बस्ती, वडा भित्र गठन गर्न सकिन्छ।

(इ) यस्ता बाल समूहले सम्बन्धित भूगोल भित्रका सबै उमेर, लिंग, जाति, आर्थिक हैसियत तथा शारीरिक अवस्था कमजोर भएका बालबालिकालाई समेट्ने र उनीहरूको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चित गर्नुपर्नेछ।

(ई) बाल समूहमा उक्त क्षेत्रभित्र सामान्यत ६ महिना वा सो भन्दा वढि स्थायी वा अस्थायी बसोबास भएको बालबालिका मात्र सदस्य बन्न सक्नेछन्।

(ख) विद्यालयमा आधारित बाल समूहहरू देहायका आधारका बाल समूहहरु हुनेछन :

(अ)कुनै विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर उक्त विद्यालय भित्र बालअधिकार अनुगमन तथा प्रवर्द्धन गर्न गठन भएका बाल समूहलाई विद्यालयमा आधारित बाल समूह भनिनेछ।

(आ) सम्बन्धित विद्यालय भित्रका सबै जातजाति, कक्षा, लिंग र आर्थिक तथा शारीरिक अवस्थावाट कमजोर बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरेको हुनु पर्नेछ।

(इ) बाल समूहमा सदस्य बन्नका लागि सम्बन्धित बालबालिका उक्त विद्यालयमा अध्ययनरत हुनु पर्दछ।

(ग) विषयगत बाल समूहहरू देहाय अनुसार हुनेछन :

(अ) विषयगत रुपमा निश्चित विषयहरू: बालिकाहरूको मात्र सवाल, बाल विवाह, स्वास्थ्य तथा सरसफाई, जलवायु परिवर्तन, बालश्रम, एचआइभी तथा एड्स जस्ता विषयहरूमा कार्य गर्न समुदायमा विशिष्ट ढंगले विषयगत बाल समूहहरू गठन गर्न सकिनेछ।

(आ) समुदायमा लुकेर रहेका वा समुदायमा पर्याप्त रुपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरूमा आधारित रहेर गठन भएका यस्ता बाल समूहलाई विषयगत बाल समूह मानिनेछ।

(इ) विद्यालयभित्र यस्ता बाल समूह गठन भएमा उक्त समूहलाई विद्यालयस्तरीय बाल समूहकै उपसमूह मानिनेछ।

(घ) देहाय अनुसारका बालसमूह विशिष्टीकृत बाल समूह रहनेछन :

(अ) अन्तर्राष्ट्रिय रुपमा नै स्थापित स्वयंसेवा अभियान तथा संगठनहरू, नेपाल सरकार, प्रान्तीय सरकार र स्थानीय तहका विशिष्टीकृत निकायले विशेष प्रकृतिका आफ्नो संस्थागत बाल समूह गठन गर्न सक्नेछन्।

(आ) यस्ता बालसमूहहरुको गठन र व्यवस्थापनविधि स्वयं यसका महासंघ, संरक्षक निकाय तथा स्थापित मान्यता र विधानहरूबाट सञ्चालित हुन सक्नेछन्।

(ङ) बाल समूह सञ्जाल देहाय अनुसार गठन गर्न सकिनेछ :

(अ) स्थानीय तहमा सूचीकृत भएका बाल समूहहरू एक आपसमा भेला भई एक आपसका काम र अभियानहरूलाई साथ सहयोग गर्ने तथा एक आपसका सरोकारहरूलाई सामूहिकीकरण गर्न बाल समूह सञ्जाल गठन गर्न सक्नेछन।

(आ) यसरी बाल समूह सञ्जाल गठन गर्दा समुदायमा आधारित, विद्यालयमा आधारित तथा विषयगत बाल समूहहरू सम्मिलित गर्न सकिनेछ।

**६. बाल समूह गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखीकरण**

(१) बाल समूह गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखीकरण गर्दा सामान्यतया देहायका सिद्धान्त तथा प्रकृया पूरा गर्नु पर्नेछ।

(क) समुदायमा आधारित बाल समूह गठन गर्न चाहने व्यक्ति, समूह तथा संगगठनले बाल समूह गठन गर्ने औचित्य र कारणहरू समेत स्पष्ट पारी न्यूनतम १ हप्ता अगावै सम्बन्धित समुदायका बालबालिका तथा अविभावकहरूलाई खुला सूचना दिनुपर्नेछ।

(ख) यसरी दिइने सूचना सरल नेपाली भाषामा र आवश्यकता अनुसार स्थानीय समुदायद्वारा बोलिने मातृ भाषाहरूमा समेत दिनुपर्नेछ।

(ग)सूचना उपलब्ध गराउने विधिमा स्थानीय तह वा तिनका वडा कार्यालय, नागरिक सूचना केन्द्र, सामुदायिक सहकारी तथा बचत समूहका कार्यालयहरू, उपभोक्ता समितिका कार्यालय भवन, प्रहरी चौकी, स्वास्थ्य चौकी, विद्यालय र पहुँचमा आएका बालबालिकालाई मौखिक रुपमा भेलाका लागि जानकारी दिन सकिनेछ।

(घ) बाल समूह गठन गर्ने भेलामा सामान्यतया २५ जना बालबालिकाको उपस्थिति हुन पर्नेछ।

(ङ) यस्तो भेला बालबालिकाको लागि सहज पहुँच भएको र सुरक्षित स्थानीय सार्वजनिक स्थल वा भवनहरूमा आयोजना गर्नु पर्नेछ।

(च) भेलामा छलफलका विषयहरु :बालअधिकारको अवधारणा, बालसहभागिताको अधिकार, बालसहभागितामा नेपालका नीतिगत व्यवस्थाहरू, स्थानीय तहमा बाल समूह गठन गर्नुको कारण र योजना, बाल समूहको मुख्य उद्देश्य नैतिक शिक्षा र कार्यक्रमहरू रहन सक्नेछन।

(छ) यस्ता अभिमुखीकरण तथा जानकारीहरू सरल र बालबालिकाले बुझ्ने भाषामा हुनुपर्दछ। यदि बहुसंख्यक सहभागी नेपाली भाषा बुझ्ने खालका छैनन् भने स्थानीय भाषामा अभिमुखीकरण र छलफल चलाउन सकिनेछ।

(ज) भेलामा सहभागी सबै वयस्क तथा बालबालिकाको छुट्टाछुट्टै उमेर, जातजाति र लिंग समेत जनाउने गरी उपस्थिति गराउन सकिने छ।

(झ) विद्यालयमा आधारित बाल समूह गठन गर्दा विद्यालय भित्र सबै कक्षामा सूचना प्रदान गरिनुपर्दछ। एवं भेलाको आयोजना विद्यालय परिसरभित्रै प्रधानाध्यापक, संरक्षक शिक्षक वा व्यवस्थापन समितिका अध्यक्षको उपस्थितिमा गर्नु पर्नेछ।

(ञ) विषयगत बाल समूह गठन गर्दा स्थानीय समुदायमा वा विद्यालय जहाँ गठन गर्ने हो त्यसै अनुरुप सूचना गर्ने र भेलाको आयोजना गर्नु पर्नेछ।

**७. नेतृत्व चयन :**

(१) दफा ६ बमोजिमको भेलामा सहभागी बालबालिकाको सहमति भएमा देहायकाको आधारमा बाल समूहको नेतृत्व चयन गर्न सकिने छ। कुन विधिबाट नेतृत्व चयन गर्ने भन्ने निर्णय स्वयं उपस्थित बालबालिकामाझ छलफल गरी तय गर्नुपर्नेछ :

(क) बहुपदीय नेतृत्व : बाल समूहमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा विषयगत संयोजकहरू तय भएको नेतृत्व।

(२) बाल समूहको कार्यसमिति संख्या ९ देखि १५ सदस्यीय सम्म बनाउन सकिनेछ।

(३) बाल समूहले आवश्यकता अनुसार उपसमितिहरू गठन गरी कार्यक्रमहरू गर्न सक्नेछन्। यस्तो उपसमितिमा ३ देखि ७ जना सम्म सदस्य रहनेछन्।

(४) बाल समूहको नेतृत्वमा ५० प्रतिशत बालिका, समग्रमा समावेशी बालबालिका सदस्यहरूका लागि सिट संख्या आरक्षित गर्नुपर्नेछ।

(५) बाल समूहको पदाधिकारीमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये एक जना बालिका अनिवार्य छान्नु पर्नेछ।

(६) एकै बालक वा बालिका दुई वा सो भन्दा बढी बाल समूहको नेतृत्वमा बस्न पाउने छैन्न। तर बाल समूहका नेतृत्वमा रहेको सदस्य सञ्जालको नेतृत्वमा भने बस्न सक्नेछ।

(७) विद्यालयमा आधारित बाल समूहको नेतृत्व परिवर्तन हरेक वर्ष गर्नु पर्नेछ भने समुदायमा आधारित बाल समूहको नेतृत्व न्यूनतम प्रत्येक २ वर्षमा परिवर्तन हुनेछ तर १८ बर्ष उमेर पुगीसकेका बालबालिकाहरू भने उक्त समूहबाट स्वत: पदमुक्त हुनेछ।

(८) १८ बर्ष पुरा भई पदमुक्त भए पश्चात रिक्त रहेको पदमा सेही प्रक्रिया अनुसार पदपुर्ति गर्नुपर्नेछ।

(९) एकै व्यक्ति बाल समूहको पदाधिकारी अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाधक्षको रुपमा दुई कार्यकाल भन्दा बढी समय बस्न सक्ने छैन तर कार्यसमितिको सदस्य भने बस्न फरक पर्ने छैन।

(१०) ८ वर्ष भन्दा कम उमेर समूहका बालबालिकालाई बाल समूहको नेतृत्वमा रहने छैन्न।

(११) बाल समूहका सदस्यहरूमाझ नेतृत्व चयनका सन्दर्भमा विवादहरू आएमा देहायको अभ्यास गर्न सकिनेछ :

(क) नेतृत्व गर्न चाहने सदस्यले आफूले बाल समूहलाई कसरी सक्रिय र बलियो बनाउने भन्ने विषयमा अर्को सदस्यप्रति नकारात्मक धारणा व्यक्त नगरी छोटो प्रस्तुति गर्न सक्ने।

(ख) नेतृत्व गर्न चाहने सदस्यहरू मात्र छलफल गरी सहमतिमा अग्रसर हुने।

(ग) नेतृत्व गर्न चाहनेहरूमाझको सान्दर्भिक समिति बनाई उक्त समितिको जिम्मेवारी प्रदान गर्ने।

(घ) उल्लेखित तरिकाबाट विवाद समाधान नभएमा नेतृत्वका लागि सदस्यहरू मध्यबाट मतदान प्रक्रियावाट चयन गर्नुपर्नेछ। मतदान प्रक्रियाको सहजीकरण संरक्षक शिक्षक वा वयस्क सहजकर्तावाट गर्नु पर्नेछ। मतदान प्रक्रियामा जाँदा व्यक्तिगत प्रचारप्रसार गर्न नपाउने व्यवस्था गर्नु पर्नेछ।

**८. सञ्जालहरूको गठन**

(१) बाल समूहहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सृजना गर्न बाल समूह सञ्जालको गठन गर्न सकिनेछ।

(२) बाल समूह सञ्जाल वडा स्तर, गाउँ स्तर र नगर स्तरका हुनेछन्। स्थानीय तहमा आवश्यकता महसुस भएमा जिल्ला तहमा पनि बाल समूह सञ्जाल बाट प्रतिनिधि गर्न सकिनेछ।

(३) बाल समूह सञ्जाल गठन गर्नका लागि (गाउँ वा नगर र वडा) तहमा बाल समूहहरूको प्रतिनिधि भेलाको आयोजना गर्नु पर्नेछ।

(४) यस्तो भेलामा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) बाल समूहहरूलाई भेलाको मिति भन्दा ७ दिन अगावै सूचना प्रदान गर्नुपर्दछ। सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछ :

(क) भेलाको मिति, समय र स्थान,

(ख)भेलामा छलफल हुने विषयहरू,

(ग)भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल समूहको प्रतिनिधि संख्या (जातजाति, लिंग समेत तय गरिएको भए सो समेत)

(घ)भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा,

(ङ)भेलामा सहभागीका लागि उपलब्ध नहुने सेवा र सुविधा, र

(च) अन्य आवश्यक विषयवस्तु।

(५) बाल समूहका प्रतिनिधिहरूले भेलामा सहभागी हुन देहायका शर्त पूरा गर्नु पर्ने छ।

(क) आफ्नो बाल समूहमा छलफल गरी निर्णय गरेको हुनु पर्नेछ,।

(ख) विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनु पर्नेछ,

(६) बाल समूहले भेलामा दुई वा सो भन्दा बढी सहभागी माग भएको अवस्थामा बालक, बालिका तथा सबै जातजातिको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गराउनु पर्नेछ।

(७) सञ्जाल भेलामा सहभागी हुने बाल समूह प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्र बसोबास भएको हुनु पर्नेछ।

(८) सञ्जालको नेतृत्व चयन भेलाको सहमतिको आधारमा दफा ९ मा व्यवस्था भए बमोजिमको हुनेछ। सञ्जालको नेतृत्वको पुन:गठन प्रत्येक वर्ष गर्नुपर्नेछ।

**९. नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन**

(१) बाल समूह तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिकामाझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनु पर्नेछ।

(२) सम क्षमताका प्रतिस्पर्धीहरूलाई सहमति गराई एक आपसलाई स्वीकार्न सक्ने बनाउन पहिलो प्रयत्न गर्नु पर्नेछ।

(३) प्रतिस्पर्धी बालबालिकालाई संयोजन समूह वा उपसमितिहरूको गठनबाट विभिन्न जिम्मेवारीहरू प्रदान गरी उनीहरूको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिनेछ।

(४) बालबालिकामाझ हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ।

**१०. आवद्धता तथा सूचीकरण**

(१) समुदाय तथा विद्यालयमा गठन भएका बाल समूहहरू गठन भएको एक महिनाभित्र नगरपालिका र वडा कार्यालयमा सूचीकृत गर्नु पर्नेछ। वडा कार्यालयमा सूचीकृत भएका वाल समुह/संजालको विवरण वडा कार्यलयवाट नियमित रुपमा नगरपालिकामा पठाउनु पर्नेछ। यसरी सूचीकरण भएका बाल समूहहरुलाई नगरपालिकाबाट सूचीकरणको प्रमाण पत्र प्रदान गरिने छ।

(२) बाल समूह सूचीकरण हुँदा समूहको नाम, उद्देश्य, कार्यसमितिका पदाधिकारी तथा सदस्यको नाम, सहजकर्ताको नाम र सम्पर्क ठेगाना र आवद्द निकाय खुलाइएको हुनुपर्नेछ।

(३) सूचीकृत बाल समूहहरू हरेक वर्ष अद्यावधिक गर्न सकिने छ। यसरी अद्यावधिक हुँदा सम्बन्धित समूहले अद्यावधिक गर्ने व्यहोराको निवेदन, बाल समूहको वार्षिक भेलाको उपस्थिति र विद्यमान कार्यसमितिको नामावली, सहजकर्ताको नाम र सम्पर्क ठेगाना र बाल समूहले अघिल्लो वर्ष सम्पन्न गरेका विभिन्न गतिविधिको कार्यप्रगति संलग्न गर्नु पर्नेछ।

(४) विद्यालयमा आधारित बाल समूहले अद्यावधिकको लागि निवेदन दिंदा सम्बन्धित विद्यालयको सिफारिशपत्र संलग्न गर्नु पर्नेछ।

(५) आवद्धता तथा सूचीकरणका लागि बाल समूहको नाम भेलाका सहभागी बालबालिकाले आपसी सहमतिमा जुराउन सक्ने छन। बाल समूहको नाम त्यसै क्षेत्रको अर्को बाल समूहको नामसँग मिलेमा दोहोरो पर्ने गरी राख्न सकिने छैन।

(६) बाल समूहको नामसँग कुनै पनि निजी वा गैर सरकारी संस्थाको नाम जोड्न सकिने छैन।

(७) बाल समूहको सूचीकरण तथा नवीकरणका लागि सम्बन्धित निकाय, व्यक्तिले अनिवार्य उपस्थित भई प्रमाणित र सहमति प्रदान गर्नु पर्नेछ।

(८) सूचीकृत तथा नवीकरण भएका बालक्लवको प्रतिवेदन नगरकार्यपालिका लगायत बालअधिकार संरक्षणको क्षेत्रमा कार्यरत अन्य सरकारी निकायमा पठाउनु पर्नेछ।

## परिच्छेद ३: सहजकर्ता सम्बन्धीव्यवस्था

**११. सहजकर्ता संस्था, निकाय र व्यक्तिहरू:**

(१) बाल समूहको गठन तथा सञ्चालन वडाको प्रतिनिधीको उपस्थितिमा हुनुपर्नेछ।

(२) सहजकर्ताले बाल समूहको बैठक, योजना निर्माण, कार्यान्वयन तथा विषयगत छलफललाई सहजीकरण गर्ने, बालबालिकाको सरोकारको क्षेत्रमा उपयुक्त उपायहरू सुझाउने तथा श्रोतमा उनीहरूको पहुँच बनाउन सहयोग गर्नु पर्नेछ।

(३) बाल समूहका गतिविधि र त्यसबाट उत्पन्न परिणामप्रति सहजकर्ता व्यक्ति, संस्था वा निकाय नैतिक जिम्मेवारी रहनेछ।

(४) एक सहजकर्ता व्यक्ति वा समूहले वडाका सबै बाल समूहलाई सहयोग पुर्‍याउन सक्नेछ।

**१२. वयस्क सहजकर्ताको चयन**

(१) वयस्क सहजकर्ताको चयन बाल समूह गठन गर्न तथा बालबालिकाको समूहको गतिविधि प्रवर्द्धन र सहजीकरण गर्ने कार्यमा सहयोग गर्ने संस्था वा स्थानीय तहले नियुक्त गर्नेछ

(२) वयस्क सहजकर्ताले सहजीकरण गरेबापत बाल समूहसँग कुनै पारिश्रमिक लिन सकिने छैन। तर सहयोगी संस्था वा स्थानीय तहले निश्चित पारिश्रमिक वा प्रोत्साहन भत्ता उपलब्ध गराउन बाधा पार्नेछैन।

(३)विद्यालयमा आधारित बाल समूहको सहजकर्ता शिक्षकहरूमध्येबाट, समुदायमा आधारित बाल समूहको सहजकर्ता स्थानीय बालसंरक्षण समिति वा बालमैत्री स्थानीय शासन समन्वय समितिका सदस्य वा संस्थाको तर्फबाट तोक्न सकिनेछ।

(४) सहयोगी संस्था वा विद्यालयले नियुक्त गरेको अवस्थामा बाहेक वयस्क सहजकर्ता स्थानीय व्यक्ति हुनुपर्नेछ।

**१३. बाल समूहको सहजकर्ता हुन चाहिने योग्यता**

बाल समूहको सहजकर्ता हुनका लागि निम्न योग्यता भएको व्यक्ति हुनुपर्दछ।

(ग) बालअधिकारबारे जानकार, सचेत, संवेदनशील तथा तालिम प्राप्त गरेको।

(घ) बालमैत्री व्यवहारबारे सचेत र अभ्यस्त रहेको।

(ङ) बालबालिकाप्रति सकारात्मक धारणा राख्ने।

(च) बाल बालिका विरुद्ध कुनै पनि हिंसा नगर्न प्रतिवद्ध भएको।

(छ) फौजदारी अपराधमा संलग्न नभएको।

(ज) स्थानीय समुदायमा बसोबास भएको।

(झ) मदिरा, सुर्ती, चुरोट, लागू औषधको अम्मल नभएको।

**१४.वयस्क सहजकर्ताको भूमिका र सीमितता**

(१) स्थानीय वयस्क सहजकर्ता बाल अधिकारप्रति प्रतिवद्ध, स्वयंसेवी भावनाको र दफा १३ मा उल्लेख गरिएको योग्यता भएको व्यक्ति हुनेछन् र यस्ता वयस्क सहजकर्ताले बाल समूहमा देहायका भूमिकाहरू निर्वाह गर्नु पर्नेछ :

(क) बाल समूहको बैठक, योजना तथा कार्यक्रम र निर्माण कार्यान्वयनमा सहजीकरण।

(ख) बाल समूहलाई स्थानीय सरोकारवाला निकायहरूसँग सम्पर्क, सम्बन्ध विस्तार गर्न सहजीकरण गर्ने।

(ग) बाल समूहले गर्ने कार्यक्रमहरूका लागि स्थानीय श्रोतहरू जुटाउन सहयोग गर्ने।

(घ) बाल समूहका सामग्रीहरूको उपयुक्त प्रयोग भए नभएको अनुगमन गर्ने र सम्पत्तिको संरक्षण गर्ने।

(ङ) बाल समूहका सदस्यहरूमाझ आएका विवादहरूको समाधान गर्न सहयोग गर्ने।

(च) बाल समूह र अन्य समुदाय बीच विवाद उत्पन्न भएमा त्यसको समाधानका लागि सहजीकरण गर्ने।

(छ) बाल समूहलाई बालअधिकार एवं बाल विकासका सवाल सम्बन्धी सूचना सामग्रीहरू उपलब्ध गराउन पहल गर्ने।

(ज) आवश्यकता अनुसार बालअधिकार, बालसहभागिता, बाल समूह सहजीकरणका प्रशिक्षण, गोष्ठी तथा तालिमहरूमा सहभागी हुने।

(झ) बाल समूहका सदस्य आफ्नो समुदाय बाहिर अन्य कुनै कार्यक्रममा सहभागी हुनुपरेमा वयस्क संरक्षकको भूमिका निभाउने।

(२) वयस्क सहजकर्ताले बाल समूहको सहजीकरण गर्दा गर्न नहुने कार्यहरु :

(क) बाल समूहको बैठक तथा छलफल आफैले सञ्चालन गर्ने।

(ख) बाल समूहको योजना आफैले बनाउने, निर्णयहरू आफैले गर्ने र सदस्यहरूलाई निर्णयमा सहमत मात्र गराउने।

(ग) बाल समूहलाई कुनै निश्चित निर्णय गर्न लगाउने वा निश्चित विषयमा आफ्नो धारणा लाद्ने।

(घ) बाल समूहका तर्फबाट निर्णायक तह तथा संयन्त्रहरूमा प्रतिनिधित्व गर्ने।

(ङ) बाल समूहका सदस्यहरूलाई हप्काउने, हिंसा तथा दुर्व्यवहार गर्ने वा धम्की दिने।

(च) बाल समूहका सदस्यहरूमाझ जात, धर्म, लिंग, उमेर, भाषा, भूगोल, शारीरिक तथा आर्थिक हैसियत लगायत कुनै पनि आधारमा भेदभाव गर्ने।

(छ) बाल समूहका सम्पत्ति, बचत रकमहरू जथाभावी प्रयोग गर्ने वा व्यक्तिगत हितमा उपयोग गर्ने।

(ज) बाल समूहका सदस्यहरूलाई एक अर्काविरुद्ध भड्काउने, कुनै निश्चित व्यक्ति, जाति, समूह, सम्प्रदाय, दल तथा संगठनको पक्ष वा विपक्षमा उभिन तथा गतिविधि गर्न लगाउने।

(झ) बाल समूहका सदस्यहरूलाई हिंसात्मक गतिविधि, सार्वजनिक धनजनमा क्षति पुग्ने गतिविधि तथा अलोकतान्त्रिक र घृणा फैलाउने कार्य गर्न प्रोत्साहित गर्ने।

(ञ) बाल समूहका सदस्यहरूको उचित सुरक्षाको सुनिश्चितता नगरी समुदायबाट बाहिर पठाउने वा कार्यक्रमहरूमा संलग्न गराउने।

(३) सहजकर्ता विरुद्ध परेको उजुरी र गुनासोको छानविन गरी दोषी पाइएमा सम्बन्धित सहजकर्तालाई चेतावनी दिने, सहजकर्ताबाट हटाउने वा आगामी निश्चित अवधिसम्मका लागि सहजकर्ता बन्न रोक लगाउने वा अन्य आवश्यक कारवाही गरी पदबाट हटाउने कार्य नियुक्त गर्ने संस्थाले गर्न सक्नेछ।

(४) उजुरीका छानविन तथा निर्णयक्रममा सम्बन्धित सहजकर्तालाई आफ्नो भनाई र स्पष्टीकरण राख्ने अवसरबाट वञ्चित गरिनेछैन।

परिच्छेद ४ : बाल समूहको बैठक तथा कार्यक्रम सम्बन्धीव्यवस्था

नियमित बैठक तथा छलफलका विषयहरू

(१) बाल समूहको बैठकको आयोजना विद्यालय बन्द भएको समयमा र दिनको समयमा सबै सहभागीहरूका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थानमा मात्र सञ्चालन गर्नु पर्नेछ।

(२) बैठकमा वयस्क सहजकर्ताको उपस्थिति अनिवार्य हुनुपर्नेछ।

(३) बैठक सामान्यतया अधिकतम २ घण्टाभन्दा बढी समय बस्ने छैन।

(४) बैठकको निर्णय तथा उपस्थिति बैठक पुस्तिका (माइन्युट) उतार गरी राख्नु पर्नेछ।

(५) बैठकमा सामान्यतया निम्न प्रस्तावहरूमा छलफल हुनसक्नेछ:

(क) अघिल्लो बैठकपछि भएका कार्यक्रम तथा प्रगतिहरूको समीक्षा

(ख) बाल समूहका बारेमा सदस्य तथा अन्य बालबालिका र व्यक्तिहरूको धारणा

(ग) स्थानीय बालअधिकारको सवाल र गर्नुपर्ने गतिविधि

(घ) आगामी कार्यक्रमको मिति, स्थान र समय तय, जिम्मेवारी विभाजन र श्रोत संकलन तथा आवश्यकता अनुसार अन्य विषयहरु।

**कार्यक्रम योजना निर्माण:**

(१) देहायका अवस्थालाई ध्यान दिइ बालबालिका सम्बन्धी योजना निर्माण गर्नु पर्ने छ।

(क) बाल समूहको बैठक तथा वार्षिक भेलाले योजना निर्माण गर्ने छ।

(ख) बाल समूहको कार्यक्रम योजना निर्माण गर्दा स्थानीय पर्व, मौसम, खेतीपातीको क्यालेन्डर, विद्यालयको शैक्षिक क्यालेन्डरसँग नजुध्ने गरी बनाउनुपर्नेछ।

**(२) बाल समूहको कार्यक्रम मूलतः** देहायको विषयमा केन्द्रीत हुनु पर्नेछ :

(क) बालअधिकारको प्रचार प्रसार : बालबालिकाले स्थानीय तहमा गीत, कविता, खेल, कथा, वक्तृत्वकला, चित्रकला, भित्ते पत्रिका, सडक नाटक, रेडियो कार्यक्रम,पत्रपत्रिकामा लेख लेखेर आदिको माध्यमबाट बालअधिकारका बारेमा प्रचार प्रसार गर्ने।

(ख) बालअधिकार अनुगमन : बाल समूहहरूले आफ्नो क्षेत्रका विभिन्न स्थानीय तहमा गुनासो पेटिका राखेर, साथीहरूको समूहमा छलफल गरेर, आफ्नो विद्यालय तथा समुदायको अनुगमन भ्रमण गरेर बालअधिकारको अवस्थाको अनुगमन गर्न सक्ने छन्। बाल समूहले अनुगमनबाट देखेका विषयहरु विद्यालय व्यवस्थापन समिति, नगरपालिकाको कार्यालय, नगर शिक्षा समिति, बालसंरक्षण समिति वा सहयोगी संस्था समक्ष आवश्यक कार्वाहीका लागि प्रस्तुत गर्न सक्नेछन्।

**(३) सेवाका लागि सम्प्रेषण र सुझाव :** बाल समूहहरूले आफ्नो समुदाय तथा विद्यालयमा हिंसा, शोषण, दुर्व्यवहार, शिक्षा तथा स्वास्थ्यबाट वञ्चित भएका बालबालिका फेला परेमा वा त्यस्ता गुनासोहरू आएमा सेवा प्रदायक संस्थाहरूसँग सम्पर्क गरी सम्बन्धित बालबालिकालाई सेवाको लागि सिफारिस गर्ने लगायत यस्ता बालबालिकाको विकास र संरक्षणमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(४) शैक्षिक तथा व्यक्तित्व विकासका कार्यक्रमहरू : बाल समूहहरूको सदस्यहरूका लागि व्यक्तित्व विकास तथा शैक्षिक विकासका विभिन्न

रचनात्मक गतिविधिहरू, खेलकुदका गतिविधिहरू, बाल भित्ते पत्रिका, वक्तित्वकला, हिज्जे प्रतियोगिता, छोटो समयका विभिन्न सीप, कलाका प्रशिक्षण कार्यहरु ।

**(५) सामुदायिक स्वयंसेवा :**

(क) बाल समूहका १४ वर्षभन्दा माथि बालबालिकाले सुरक्षित ढंगले वयस्कहरूको साथमा गर्ने सामुदायिक स्वयंसेवाका कार्यहरु । तर यस्तो सामुदायिक स्वयंसेवा कार्य दैनिक ६ घण्टाभन्दा बढी र लगातार ३ घण्टाभन्दा बढी हुने छैन ।

(ख) सामुदायिक स्वयंसेवाका कार्यहरूमा बालबालिकाको नैतिक र भौतिक सुरक्षाको सुनिश्चितता हुनुपर्नेछ ।

(ग) प्रचलित कानूनबमोजिम निकृष्ट वा जोखिमयुक्त बालश्रम तथा बालश्रम ठहरिने गतिविधिमा बालबालिकाले स्वयंसेवा गर्न सक्नेछैनन् ।

**(६) निर्णय प्रक्रियालाई प्रभावित पार्ने :** बाल समूहहरूले सामूहिक रुपमा वा प्रतिनधि मार्फत् बालअधिकारका सरोकारहरूलाई स्थानीय योजना तथा नीतिहरूमा सम्बोधन गराउनका लागि बाल भेला, अन्तर्क्रिया, बाल सुनुवाइ, प्रतिनिधि मण्डल भेटघाट जस्ता कार्यक्रमहरू ।

**१७. बाल समूहले सञ्चालन गर्न नसक्ने कार्यक्रमहरूको सीमा:**

(१) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनका पक्षपोषण वा विरोध गर्न ।

(२) समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउ ज्यानमाथि क्षति पुर्‍याउने कार्य ।

(३) समुदायका निश्चित जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मीप्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने कार्य ।

(४) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भंग हुने र पहिचान खुल्ने गतिविधिहरू ।

(५) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय वा समुदाय भन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरू । तर प्रतिस्पर्धा वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिने छ ।

(६) उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति बेगर सहभागीहरू जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेलाउने कार्यहरु ।

(७) बाल समूह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसाय गर्ने कार्यहरु

(८) सिंगो परियोजना सञ्चालन गर्ने वा ठूला र लामो समयका गतिविधिहरू सञ्चालन गर्ने कार्य ।

(९) सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरु ।

(१०) सामाजिक शान्ति सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा बालअधिकारकर्मी, स्थानीय बालसंरक्षण समिति तथा बालमैत्री शासन समन्वय समितिको परामर्शमा सुरक्षा निकाय वा नगरपालिका वा विद्यालयले निश्चित गतिविधिलाई रोक लगाएका कार्यहरु ।

## परिच्छेद ५ : बाल समूहको सदस्यता सम्बन्धी व्यवस्था

**१८. सदस्यता वितरण र व्यवस्थापन**

(१) बाल समूहले स्वतन्त्र रुपमा आफ्नो सदस्यता वितरण गर्नसक्ने छ । बाल समूहको सदस्य हुन सोही विद्यालयको विद्यार्थी वा सोही समुदायमा बसोबास भएको बालबालिका हुनुपर्दछ ।

(२) कुनै बालबालिकाले सदस्य बन्न चाहेकोमा सामान्यतया बाल समूहले सदस्य बनाउनुपर्दछ ।

(३) कुनै पनि बालबालिकालाई सदस्य बन्नका लागि दवाब दिन पाइने छैन ।

(४) सदस्य नभएकै कारण बाल समूहले आयोजना गर्ने खुला र सार्वजनिक कार्यक्रममा कुनै बालबालिकालाई सहभागी गराउन रोक लगाउन पाइनेछैन ।

(५) सदस्यहरूको अभिलेख बाल समूहले आफ्नै रजिष्टरमा राख्न सक्नेछ । यसरी अभिलेख राख्दा देहायका विवरण उल्लेख हुनुपर्दछ :

(क) बालबालिकाको नाम, थर,

(ख) ठेगाना,

(ग) उमेर, लिंग, (विद्यालयमा भए कक्षा),

(घ) अभिभावकको नाम, सम्पर्क फोन नम्बर, फोटो (उपलब्ध भएसम्म) ।

(६) बाल समूहले आफ्नो सदस्यलाई सदस्यता–पत्र पनि वितरण गर्न सक्नेछ ।

(७) बाल समूहमा विभिन्न श्रोतबाट जम्मा हुन आएको रकमको संरक्षण विद्यालय व्यवस्थापन समिति वा स्थानीय बालमैत्री शासन समन्वय समिति वा वडा बाल संरक्षण समिति वयस्क सहजकर्ताले पारदर्शी ढंगले राख्नु पर्नेछ ।

**१९. प्रतिनिधित्व र सहभागिताको समान अवसरको व्यवस्थापन**

(१) बाल समूहका सदस्यहरूले उपयुक्त अवसरहरू प्राप्त गरी आफ्नो व्यक्तित्व विकास गर्न समान अवसर प्राप्त गरुन् भन्ने मान्यता बाल समूहको नेतृत्व गर्ने समूहले राख्नुपर्दछ । बाल प्रतिनिधि र सहभागितामा देहायका विषयमा ध्यान दिनु पर्नेछ ।

(क) समान अवसर र प्रतिनिधित्वका लागि विषयगत समूहहरू बनाएर सोही अनुसार नियमित वा पालैपालो प्रतिनिधित्व र सहभागिताको अवसर प्रदान गर्ने ।

(ख) आयोजक संस्था वा निकायले तोकेको अवस्थामा बाहेक पालैपालो सबै सदस्यहरूलाई सहभागिताको अवसर दिनुपर्नेछ ।

(ग) बाल समूहको प्रतिनिधित्व गर्ने व्यक्तिले कुनै कार्यक्रममा जानुअघि आफ्नो समूहका सदस्य र सहजकर्तासँग आफूले के कस्ता सवाल उठाउने भनि छलफल र परामर्श गर्नुपर्नेछ ।

(घ) बाल समूहका सदस्य कुनै कार्यक्रम वा बैठकमा सहभागी भएपछि आफ्नो समूहका सदस्यहरू र सहजकर्ताको बैठक राखी आफू सहभागी भएको कार्यक्रमको बारेमा जानकारी दिनुपर्नेछ । प्रतिवेदन लेखेर बाल समूहको फाइल वा माइन्युटसँगै राख्नुपर्नेछ ।

**२०. सदस्यबीच रहेको फरक मतको सम्मान तथा कार्यक्रमको सहजीकरण**

सामान्यतया बाल समूहमा सिर्जना हुने फरक मत देहायका उपायहरु अवलम्बन गरी समाधान गर्न सकिनेछ :

(१) बाल समूहको योजना निर्माण लगायतका छलफलमा सबै सदस्यहरूलाई स्वतन्त्र र छोटो रुपमा आफ्नो विचार राख्न लगाउनु पर्दछ ।

(२) बाल समूहको बैठक बस्ने, छलफल गर्ने तथा नेतृत्व चुन्ने प्रक्रियाका बारेमा आचारसंहिता निर्माण गर्नु पर्दछ ।

(३) बाल समूहका सदस्यहरूमाझ कार्यक्रम आयोजना गर्ने सन्दर्भमा फरक प्रस्तावहरू प्राप्त भएमा ती कार्यक्रमहरूको सूची बनाउने र सदस्यहरूलाई आपसी छलफल गरी कार्यक्रमहरूको प्राथमिकता साथ छनौट गर्न लगाउनु पर्नेछ । कार्यक्रमको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछ ।

(क) बालबालिकाले रुचिकर मान्ने, सृजनात्मक, खेलकुद तथा बौद्धिक विकासका कार्यक्रमहरूलाई पहिलो प्राथमिकता दिने ।

(ख) बालअधिकारको प्रचार प्रसार हुने र अविभावक, निर्णयकर्ताहरू तथा समुदायमाझ बालबालिकाको सरोकारहरू प्रस्तुत गरिने कार्यक्रमहरूलाई प्राथमिकता दिने ।

(ग) बाल समूहले गर्न नहुने भनेका कार्यक्रमहरू छनौट नगर्ने ।

(घ) बाल समूहलाई धेरै आर्थिक भार पर्ने तथा लामो समय लाग्ने कार्यक्रमहरू छनौट नगर्ने ।

(ङ) समुदाय र समुदायका अन्य संस्थाहरूसँग द्वन्द्व वा मनमुटाव हुनसक्ने कार्यक्रमहरू नगर्ने ।

(च) धेरै दिन विद्यालय शिक्षालाई असर पर्ने वा कक्षा छाडी तयारी गर्नुपर्ने कार्यक्रमहरू नगर्ने ।

(छ) अन्य बाल समूह वा संस्थाले भर्खरै गरिसकेका समान किसिमका कार्यक्रमहरू भए त्यसलाई प्राथमिकतामा पछाडि राख्ने ।

(४) बाल समूहका सदस्यहरूमाझ स्थानीय सरोकारका विषयमा फरक विचार वा धारणाहरू आएमा ती धारणाहरूलाई समावेश गरी साझा धारणा बनाउनुपर्नेछ । यसका लागि देहायका कार्यहरू गर्न सकिनेछ ।

(क) सबै सदस्यहरूले सम्बन्धित विषयमा पालैपालो आफ्ना विचारहरू छोटकरीमा राख्न दिने । विचार राख्दा अरुको विचारलाई गलत भन्ने, होच्याउने वा सिधै नकार्ने विषयलाई प्रशय नदिने ।

(ख) फरक फरक धारणाहरूलाई समेटेर कुनै सदस्यले एकै धारणा प्रस्ताव गर्न लगाउने ।

(ग) यदि नितान्त विपरीत धारणाहरू आएमा बाल समूहको बैठकमा ती फरक धारणाहरूलाई र त्यसलाई समर्थन गर्ने सदस्य संख्या पनि लेख्ने । तर, बहुमत सदस्यहरूले व्यक्त गरेको धारणा अनुसार बाल समूहले गतिविधि सञ्चालन गर्ने ।

(५) बाल समूहका सदस्यहरूमाझ आर्थिक वा संगठन व्यवस्थापनका विषयमा फरक धारणा भएमा देहाय बमोजिम सहजीकरण गर्न सकिनेछ ।

(क) बाल समूहका सदस्यहरूमाझ नै फरक मतको विषयमा छलफल गरी आपसी सहमति सृजना गर्ने ।

(ख) बाल समूहका सदस्यहरूले उठाएको फरक मतको विषय र उनीहरूले दिएका तर्क तथा प्रमाणहरूको सूची बनाउने ।

(ग) विद्यालयका प्रधानाध्यापक वा समुदायमा आधारित बाल समूहको हकमा आवद्ध समितिका संयोजकले सम्बन्धित फरक मतमा अध्ययन गरी निर्णय प्रदान गर्ने ।

(६) बाल समूहभित्र आउने फरक मतको समाधान गर्ने बैठकमा वयस्क सहजकर्ता र आवद्ध समिति वा निकायका प्रमुखको अनिवार्य उपस्थिति हुनुपर्नेछ ।

## परिच्छेद ६ : बाल समूहको आर्थिक कोष व्यवस्थापन तथा सहायता

**२१. आर्थिक व्यवस्थापन**

(१) बाल समूहको आर्थिक कोषमा देहायको रकम रहनेछ ।

(क) चन्दा तथा सहयोग,

(ख) संस्थाहरूबाट प्राप्त हुने आर्थिक सहायता,

(ग) विद्यालयबाट प्राप्त हुने आर्थिक सहायता,

(घ) नगरपालिकाबाट प्राप्त हुने आर्थिक सहायता,

(ङ) स्थानीय समूह तथा निजी क्षेत्रहरूबाट प्राप्त हुने सहायता र

(च) यस्तै अन्य आय।

(२) बाल समूहले आर्थिक सहायताको निम्ति सामान्य निवेदन दिए पुग्ने छ। बाल समूहका लागि सामान्यतया दश हजार रुपैयाँभन्दा बढीको सहयोग दिनुपरेमा नगद प्रदान नगरी सोझै जिन्सी वा सेवा खरिद गरी सहयोग गर्न सकिनेछ।

(३) बाल समूहको आर्थिक कारोवार प्रचलित सामान्य लेखाको सिद्धान्त अनुसार हुनेछ। साथै बाल समूहलाई सोझै परियोजना वा अभियान सञ्चालन गर्नका लागि सम्झौता गरी रकम प्रदान गर्न सकिने छैन।

(४) बाल समूहले आ ्नो गतिविधि सञ्चालन गर्न आ ्नो विद्यालय वा समुदायमा आर्थिक स्रोत संकलनका लागि बालमैत्री कार्यक्रमहरू आयोजना गर्न सक्नेछन। यस्ता कृयाकलापमा देउसी–भैलो, साँस्कृतिक कार्यक्रम, खेल प्रतियोगिता जस्ता कार्यक्रमहरु हुन सक्नेछन। यस्ता कार्यक्रम आयोजन हुँदा आवद्ध निकायको स्वीकृति, सहजीकरण र सुपरिवेक्षण अनिवार्य रहनेछ।

(५) बाल समूहले संकलन गरेका रकम उनीहरूले आयोजना गर्ने बालमैत्री गतिविधिमा मात्र खर्च गर्न सकिनेछ। यस्तो रकम छात्रवृत्ति, भौतिक पूर्वाधारहरूको निर्माण, मर्मत सम्भारका लागि वा कुनै पीडितलाई सहायता, आपतकालीन सहायता बापत सहयोग उपलब्ध गराउने गरी खर्च गर्न पाइने छैन।

(६) बाल समूहको वार्षिक आयव्यय विवरण सामान्य ढाँचामा उल्लेख गरी राख्नुपर्नेछ। बाल समूहको बृहत गतिविधि सञ्चालन गर्न परेमा सहजकर्ताले आर्थिक व्यवस्थापन र सहजीकरणमा सहयोग गर्नुपर्नेछ। यसरी व्यवस्थापन गर्दा आर्थिक हिसाब किताब बाल समूहबाट अनुमोदन गराउने तथा ३० दिन भित्र आर्थिक कारोवारको फरफारक गर्नु पर्नेछ।

**परिच्छेद ७: बाल समूह र अन्य निकायहरूको सम्बन्ध र सहकार्य**

**२२. स्थानीय तह (नगरपालिका) सँगको सम्बन्ध र सहकार्य**

(१) सबै बाल समूहहरू आफ्नो वडा कार्यलयको सिफारिसको आधारमा नगर कार्यपालिकाको कार्यालयमा तोकिएको विधि र प्रकृयामा सूचीकृत तथा नवीकरण हुनेछन।

(२) स्थानीयतहले आफ्नो क्षेत्रभित्रको बाल समूहको विवरण अद्यावधिक गर्ने र सरोकार निकायमा आदान प्रदान गर्न सक्नेछन्।

(३) स्थानीयतहले आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा बाल समूहका गतिविधि, बाल समूह र सहजकर्ताको प्रशिक्षण तथा बाल समूह प्रतिनिधिको परामर्श जस्ता कार्यक्रमहरू राख्न सक्नेछन्।

(४) बाल समूहले स्थानीयतहसँग स्थानीय विकासका कृयाकलापहरुमा बालबालिका सम्बन्धी योजना तथा कार्यक्रम, सुविधा र उपलब्धीहरूको बारेमा सूचना माग गर्ने, त्यस्ता जानकारीहरू प्रचार प्रसार गर्ने तथा कार्यक्रम र सेवाहरूको अनुगमन गर्ने हुनेछन।

(५) बाल समूहले स्थानीयतहसँग आफ्ना कार्यक्रमहरूका लागि आर्थिक सहायता तथा प्राविधिक र सामग्री सहयोगको अनुरोध गर्न सक्नेछ।

(६) बाल समूहले हरेक वर्ष आफूले सम्पादन गरेका कार्यक्रमहरूको सूची र विवरण सहितको प्रतिवेदन तोकिएको ढाँचामा स्थानीयतहलाई उपलब्ध गराउनुपर्नेछ।

**२३. बालबालिका सम्बन्धी स्थानीय समितिहरूसँगको सम्बन्ध र सहकार्य**

(१) स्थानीय तहमा रहेका वडा बाल संरक्षण समिति, नगर बालसंरक्षण समिति, स्थानीय बालमैत्री शासन समिति, स्थानीय मानव बेचबिखन नियन्त्रण समिति, नगर शिक्षा समिति र स्थानीय विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण समिति, नगर स्वास्थ्य समिति र स्थानीय खानेपानी तथा सरसफाई समिति विद्यालय व्यवस्थापन समिति जस्ता बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न समिति हुन सक्नेछन।

(२) यी समितिहरूमा बाल समूह वा सञ्जालका प्रतिनिधिहरू सदस्य वा पर्यवेक्षकको रुपमा सहभागी गराउन सकिनेछ।

(३) यस्ता समितिहरूको वार्षिक कार्यक्रम तथा कार्ययोजनामा बाल परामर्श, बालबालिकाको क्षमता विकास, बाल समूहसँग साझेदारीमा गरिने गतिविधिहरू तय गरी समावेश गर्न सकिनेछ।

(४) यस्ता समितिहरूले बाल परामर्श तथा विभिन्न समयमा बाल समूह तथा बालबालिकाबाट प्राप्त हुन आएका गुनासा र सुझावहरूलाई स्थानीयतहको योजना प्रक्रियाको पैरवी राख्न सक्नेछन्।

(५) बालबालिकाले सम्प्रेषण गरेका तत्काल सम्बोधन गर्नुपर्ने समस्याहरूमा सम्बोधन गर्न सम्बन्धित निकायहरूबीच समन्वय गर्ने तथा बाल समूहका गतिविधिहरूलाई प्रोत्साहन गर्न उत्कृष्ट बाल समूह पुरस्कार तथा सम्मानका कार्यक्रमहरू गर्न सकिनेछ।

**२४. बाल विकास संरक्षणमा विद्यालय व्यवस्थापन समितिको भूमिका**

(१) विद्यालयमा रहेका बाल समूहहरू विद्यालय व्यवस्थापन समितिसँग आवद्ध गर्नुपर्ने छ।

(२) विद्यालयको वार्षिक कार्यक्रम, बजेट तथा कार्ययोजनाको निर्माण बालबालिकासँग परामर्शमा बाल समूहका गतिविधिलाई सहयोग पुर्याउने

कार्यक्रमहरू राख्न सकिनेछ ।

(३) विद्यालय व्यवस्थापन समितिमा बाल समूहका प्रतिनिधि एक बालक र एक बालिकालाई स्थायी आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ र यस्ता बैठकहरूमा बालबालिकाका सरोकारका विषयहरु प्रस्तुत गर्न लगाउन सकिनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको बैठकमा छलफल हुने संवेदनशील र विवाद सृजना हुनसक्ने विषयहरू जस्तै : शिक्षक नियुक्ति र कार्वाही, निर्माणको ठेक्का पट्टा तथा अनियमितता जस्ता विषयको छलफलमा बालबालिकालाई प्रत्यक्ष र निर्णायक सहभागी बनाइने छैन ।

(५) विद्यालयमा रहने शिक्षकको व्यावहारिक सीप तथा शैली विकास (वालमैत्री शिक्षण विधि),वालमैत्री भौतिक संरचनाको निर्माण स्वरुप र गुणस्तरका विषयहरूमा भने बाल समूहका सदस्य र सकेसम्म धेरै बालबालिकाको सुझाव संकलन लिन सकिनेछ ।

**२५.अन्य संघसंस्था तथा सेवा प्रदायक निकायहरूको भूमिका:**

(१) स्थानीय तहमा क्रियाशिल विभिन्न संघ संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाका प्रत्यक्ष प्रभावित हुने वा उनीहरू लक्षित कार्यक्रम, निर्णय तथा योजना प्रक्रियामा बाल समूहका प्रतिनीधिहरूसँग परामर्श गर्नुपर्नेछ ।

(२) यस्ता संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाको लागि नि:शुल्क उपलब्ध सेवा सुविधा तथा कार्यक्रमहरूको बारेमा प्रचार प्रसार गर्न, सेवाको विषयमा सरोकारवाला बीच संचार एवं कार्यक्रमहरुको बारेमा प्रभावकारिताको अनुगमन गर्न बाल समूहसँग सहकार्य गर्न सक्नेछन् ।

(३) सेवा प्रदायक निकायहरूले बाल समूहका सदस्य तथा बाल समूहसँग सहकार्य र परामर्श कार्यहरू गर्दा उनीहरूको नियमित शिक्षालाई नकारात्मक प्रभाव पार्ने र विद्यालय समयमा असर पार्ने गरी गर्न सकिनेछैन ।

(४) सेवा प्रदायका निकायहरूले बाल समूहका सदस्यहरूलाई अनिवार्य सहभागिताको नियम लागू गर्न सकिनेछैन।

(५) सेवा प्रदायक निकायहरूले बालबालिकालाई जोखिमपूर्ण हुने विवादित विषय, फौजदारी अपराधका उजुरी लगायतका विषयमा छलफल गर्न वा उनीहरूको राय वा निष्कर्ष माग्न र त्यस्ता क्षेत्रमा काममा लगाउन सक्नेछैनन् । तर न्यायिक प्रक्रियामा प्रभावित बालबालिकासँग गरिने परामर्श गर्न वाधा पर्ने छैन ।

(६) सेवा प्रदायक निकायहरूले बालबालिका सहभागी भएर गरिएका सामुदायिक कार्यको बदलामा भत्ता वा ज्याला प्रदान गर्ने गर्न सक्ने छैनन । तर यतायात खर्च र सहायक सामाग्री दिन फरक पर्नेछैन ।

**२६. स्थानीय तहको योजना तर्जुमामा बाल समूह प्रतिनिधित्वको व्यवस्था**

(१) स्थानीयतहबाट हुने योजना निर्माण चक्रमा बाल समूहको प्रतिनिधित्व र सहभागिता अनिवार्य गर्न सकिनेछ ।

(२) बस्ती तथा वडा स्तरमा हुने योजना छलफलमा सहभागी हुन बाल समूहका सदस्य वा प्रतिनिधिहरूलाई निमन्त्रणा गर्न सकिनेछ । भेलामा उनीहरूको सरोकार राख्नेविषयमा धारणा राख्न निश्चित समय प्रदान गरिनेछ ।

(३) नगर स्तर वा जिल्ला स्तरमा तोकिएको प्रक्रियामा बाल भेलाको आयोजना गरी स्थानीय योजना निर्माणका लागि बालबालिकासँग परामर्श लिन सकिनेछ ।

(४) योजना निर्माण तथा बजेट विनियोजनमा बाल समूहलाई बालबालिकाको निम्ति छुट्याइएको कार्यक्रम तथा बजेटबारे छुट्टै सार्वजनिक सूचना जारी गर्न सकिने छ । यस्तो जानकारी सरल भाषामा उपलब्ध हुनुपर्नेछ ।

## परिच्छेद ८ : बाल समूहको सम्मिलन र विघटन सम्बन्धी व्यवस्था

**२७. बाल समूहको सम्मिलन**

(१) दुई वा दुईभन्दा बढी एकै भौगोलिक क्षेत्र वा एकै विद्यालय भित्रका बाल समूहहरू सम्मिलन हुन सक्ने छन तर फरक भौगोलिक क्षेत्र वा फरक विद्यालयका बाल समूहहरू सम्मिलन हुन सक्ने छैनन् ।

(२) सम्मिलनमा जानका लागि चाहने बाल समूहले समूहको सहजकर्ताको उपस्थितिमा सदस्यहरूको भेलाले सम्मिलनमा जाने निर्णय गर्नुपर्नेछ ।

(३) सम्मिलन गर्न चाहने सबै बाल समूहका सहजकर्ता समेतको उपस्थितिमा सदस्यहरूको भेला आयोजना गरी माथि दफा ७ मा उल्लेख भएअनुसार नयाँ कार्य समिति चयन गर्नुपर्नेछ ।

(४) सम्मिलन पश्चात् नयाँ कार्यसमिति गठन भएको एक महिनाभित्र सम्बन्धित स्थानीय तहमा सम्मिलनको जानकारी गराउनु पर्नेछ ।

(५) यसरी सम्मिलनपछि सम्मिलन भएका बाल समूहको सूचीकरण खारेज हुनेछ र नयाँ बाल समूह सूचीकृत हुनेछ ।

**२८. बाल समूहको विघटन**

(१) बाल समूह देहायको अवस्थामा विघटन भएको मानिनेछ ।

(क) बाल समूह लगातार २ वर्षसम्म स्थानीय तहमा अद्यावधिक नभएमा यस्ता बाल समूह विघटन गर्न सकिने छ। तर अद्यावधिक नभएका बाल समूहलाई विघटन गर्नुअघि ३ महिनाको समय राखि अद्यावधिक गर्नका लागि सूचित गरिनेछ।

(ख) बाल समूहका बहुमत सदस्यहरूले बाल समूह बिघटन गर्ने निर्णय गरेमा।

(ग) विद्यालयले उपयुक्त कारण दर्शाइ विद्यालयमा आधारित बाल समूह बिघटन गर्न सिफारिश गरेमा।

(घ) आवद्ध स्थानीयतह वा स्थानीयसरकारका सम्बन्धित संस्थाले उपयुक्त कारण देखाइ बाल समूह बिघटन गर्ने निर्णय गरेमा।

(२) यसरी दफा २८(१) (ग) र (घ) अनुसार बिघटन हुनुपूर्व सार्वजनिक सूचना र बाल समूहका सदस्यहरूसँग छलफल गरिनेछ।

(३) बिघटन भएका बाल समूह स्थानीय तहको सूचीकरणबाट स्वत: खारेज हुनेछन।

(४) बिघटन भएका बाल समूहका सम्पत्ति तथा दस्ताबेजहरू सम्बन्धित विद्यालय वा स्थानीय तहले जिम्मा लिनेछ र अर्को बाल समूह गठन प्रयोजनका लागि प्रयोग गर्न सकिनेछ।

## परिच्छेद ९ : विविध

### २९. बाल समूहभित्र दलगत राजनीतिक प्रभावलाई न्यूनीकरण

(१) बाल समूहभित्र दलगत राजनीतिक प्रभावलाई न्यूनीकरणका लागि देहाय उपाय अवलम्वन गर्न सकिनेछ।

(क) बाल समूहका सदस्यहरू तथा वयस्क सहजकर्ता कुनै पनि राजनीतिक दल वा दलका भातृ संगठनको नेतृत्वमा नरहेको व्यक्ति चयन गरेर।

(ख) बाल समूह तथा यसका सदस्यहरुले विभिन्न राजनीतिक दलहरूसँग बालअधिकार प्रवर्द्धन र संरक्षणका विषयमा खुला अन्तर्क्रिया तथा छलफल कार्यक्रम आयोजना गरेर।

(ग) बाल समूहले कुनै एक राजनीतिक दल वा समूहसँग मात्र संयुक्त कार्यक्रमहरू आयोजना नगरेर।

(घ) बाल समूहले सार्वजनिक पदमा निर्वाचित वा नियुक्त राजनीतिक व्यक्ति बाहेक अन्य राजनीतिक दलका प्रतिनिधि वा व्यक्तिलाई कार्यक्रममा प्रमुख अतिथि, अतिथि वा श्रोत व्यक्ति नबनाएर।

(ङ) बाल समूहले कुनै राजनीतिक दलको पक्ष वा विपक्षमा हुनेगरी कार्यक्रम तथा गतिविधिहरू सञ्चालन नगरेर।

(च) बाल समूहले राजनीतिक दल वा भातृ संगठनका बारेमा विशेष जानकारी दिने वा उसको सदस्य बन्न प्रेरित गर्ने कार्यक्रम तथा गतिविधिहरू सञ्चालन नगरेर।

### ३०. बाल समूहभित्र सदभाव, सद्व्यवहार र सुरक्षित अभ्यास प्रवर्द्धन

(१) बाल समूह भित्र सदभाव, सद्व्यवहार र सुरक्षित अभ्यास प्रवर्द्धन गर्न देहाय अनुसार गर्नु पर्नेछ।

(क) बाल समूहले आफ्नो संगठन निर्माण, व्यवस्थापन तथा कार्य प्रक्रियाका सम्बन्धमा आचारसंहिता निर्माण गर्नु पर्नेछ।

(ख) बाल समूह तथा यसका सदस्यहरूले सामाजिक कुरीति, भेदभावको अभ्यास र गलत प्रचलनहरूका विषयमा बोल्न र त्यस्ता अभ्यासहरू नगर्न सदस्यहरूलाई प्रशिक्षित गर्नु पर्नेछ।

(ग) बाल समूहका सदस्यहरूलाई सामाजिक सदभाव प्रवर्धन गर्न, सबै धर्म, जातजाति र समुदायबीच सम्मान गर्न, उनीहरूको असल संस्कृति र अभ्यासहरूका बारेमा बुझ्न, विभिन्न समयमा विविध साँस्कृतिक कार्यक्रमहरू आयोजना गर्न सकिनेछ।

(घ) बाल समूहको नेतृत्वमा समुदाय वा विद्यालयमा रहेका विभिन्न समुदायको प्रतिनिधित्व हुन सक्ने व्यवस्था गर्न सकिनेछ।

(ङ )बाल समूहको बैठकमा संस्कृति छलफलको प्रस्ताव नै बनाएर नियमित रुपमा सदस्यहरूले पालैपालो आफ्नो धर्म, संस्कृतिका बारेमा र असल कुराहरूका बारेमा प्रस्तुति र छलफल गर्ने नियम बनाउन सकिनेछ।

### ३१. बाल समूहका गतिविधि, पारदर्शिता तथा आन्तरिक सुशासन

(१) बाल समूहका गतिविधि, पारदर्शिता तथा आन्तरिक सुशासन सम्वन्धमा देहायअनुसार गर्नु पर्नेछ।

(क) कुनै पनि बाल समूह गठन गर्नु अगाडि उक्त समुदाय तथा विद्यालयमा बाल समूहको आवश्यकता, अवसर र सम्भावनाहरूबारे अविभावक अनुशिक्षण आयोजना गर्नु पर्नेछ।

(ख) बाल समूहले आयोजना गर्ने सबै गतिविधिहरूले बालबालिका तथा समुदायको हित प्रवर्धन नगर्न सक्छन, त्यस्ता बाल समूहको गतिविधिहरूको बारेमा गुनासो र प्रतिक्रिया दिने व्यवस्था गर्न सकिनेछ।

(ग) बाल समूहका गतिविधिहरूका बारेमा प्रतिक्रिया दिन वा गुनासो व्यक्त गर्न विद्यालय, नगर कार्यपालिका वा तिनका वडा कार्यालय, नागरिक सूचना केन्द्रहरूमा सुझाव पेटिकाको स्थापना र सञ्चालन गर्न सकिनेछ।

(घ) सुझाव पेटिका मासिक रुपमा खोल्ने र प्राप्त सुझावहरूलाई लिखित रुपमा उल्लेख गरी रजिष्टरमा अभिलेखीकरण गर्नुपर्नेछ।

(ङ) प्राप्त सुझावहरूलाई सहजकर्ता र बाल समूहका प्रतिनिधिहरू बसी छलफल तथा प्राथमिकीकरण गरी सुझावका आधारमा बाल समूहका गतिविधिहरूमा सुधार गर्नुपर्नेछ। तर सुझाव वा गुनासाको आधारमा मात्रै बाल समूह विघटन गर्ने वा बाल समूहका गतिविधिहरूलाई निषेध गर्ने

वा रोक्ने कार्य गर्न सकिनेछैन।

(च) विद्यालयमा आधारित बाल समूहका गतिविधिहरूका बारेमा समुदाय तथा अविभावकहरूले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा प्रधानाध्यापकलाई प्रत्यक्ष भेटेर पनि सुझाव दिन सक्नेछन्।

**३२. बाल समूहका क्रियाकलापलाई एकरुपता**

(१) स्थानीय तहले सवै वाल समूह तथा सञ्जालका क्रियाकलापलाई एकरुपता दिन अनुसूची १, २, ३, ४, ५ र ६ अनुसारको निर्दिष्ट फारम तथा ढाँचा प्रयोगमा ल्याउन सक्नेछ।

अनुसूचीहरु

**अनुसूची १ : बाल समूहको नियम ढाँचा**

क) बाल समूहको परिचय

नाम :

ठेगाना :

सूचीकरण नम्बर :

ख) बाल समूहको उद्देश्य र विषयहरु

१.

२.

३.

ग) बाल समूहको संगठन

१. सदस्य बन्ने तरिका

२.नेतृत्व चयन गर्ने तरिका

३.विघटन हुने अवस्था

४.सदस्य बन्न नपाउने व्यक्तिहरु

५.नेतृत्वमा चुनिन पाउने व्यक्तिहरु

घ) बाल समूहका सदस्यले पालन गर्नुपर्ने नियमहरु

१. सदस्य भईसकेपछि पालन गर्नुपर्ने नियमहरु

२. नेतृत्वमा निर्वाचित भएपछि पालन गर्नुपर्ने नियमहरु

३. बैठकमा पालन गर्नुपर्ने नियमहरु

४. अन्य बाल समूहका सदस्य बाल बालिका तथा निकायसंग व्यवहार गर्ने नियमहरु

ङ) बाल समुहको आर्थिक कोष तथा श्रोत

१. अन्य सहायता र श्रोतहरु

२. आम्दानी खर्च राख्ने ठाँउ तथा आम्दानी खर्च विवरण राख्न तोकीएको ब्यक्ति

च) अन्य विषयहरु

## अनुसुचि २

### बाल समूहका लागि आवश्यक आधारभूत सामाग्रीहरु

१. बाल समुहको सामाग्री राख्नका लागी बाकस वा दराज
२. माईन्यूट कापि(निर्णय पुस्तीका)
३. कार्यक्रम विवरण लेख्ने पुस्तीका
४. बाल समूहको नियम
५. बाल समूहका अध्ययन सामाग्रीहरु
६. आय ब्यय पुस्तीका
७. कलम
८. आवश्यकता तथा स्रोत अनुसार खेल तथा अन्य सामाग्रीहरु

## अनुसूची ३

### बाल समूहका न्यूनतम मापदण्ड तथा अनुगमन फारम

बाल समूहको नाम :

ठेगाना :

| क्र.सं | न्यूनतम मापदण्डहरु | छ | छैन | लेखाजोखा/ अवलोकन |
|---|---|---|---|---|
| १ | बाल समूह समाबेशि हुनुपर्ने। | | | |
| २ | बालक्लबमा २५ देखि ५० जनासम्म सदस्य रहन सक्नेछन । ५० भन्दा बढी बालबालिकाभएमाउप समूह गठन भएको। | | | |
| ३ | बालबाललिकाको अर्थपुर्ण सहभागिताको सुनिश्चितको लागिबालबालिकाको उमेरको आधारमा समुहविभाजन भएको। | | | |
| ४ | कार्य समिति समावेशी र प्रजातानित्रक प्रणालीबाट छनौट भएको | | | |
| ५ | सदस्यहरुले बालअधिकार, वाल संरक्षण, वाल सहभागिता, प्रजातान्त्रिकमूल्य र मान्यता र जिवनउपयोगी सीपआदिको बारेमाकम्तिमा अभिमुखिकरण पाएको | | | |
| ६ | बाल समूह वडा कार्यालय तथा नगरपालिकामा सूचिकृत भएको। | | | |
| ७ | बाल समूहले कार्ययोजना निर्माण गरेको | | | |
| ८ | बाल समूहले बर्षमा कम्तीमा ३ वटा बाल बालिका सम्बन्धि कार्यक्रम गरेको। | | | |
| ९ | बाल समूहमा आचार संहिता तथा नियम भएको। | | | |
| १० | नियमित बैठक बसेको | | | |

## अनुसुची ४

### बाल समूहको कार्ययोजना फारम

बाल समूहको नाम :

बाल समूहको ठेगाना :

बाल समूहको सम्पर्क ब्यक्तिको नाम र सम्पर्क नं.

वयस्क सहजकर्ताको नाम र सम्पर्क नं. :

सुचिकरण नं.

| ................बाल समूहको ..............................अवधिकालागी कार्ययोजना | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमको नाम | कहाँ गर्ने | कहिले गर्ने | श्रोत व्यवस्था | प्रमुख जिम्मेवार सदस्यहरु |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**अनुसूची ५**
**बाल समूह कार्य प्रगति विवरण फारम**

बाल समूहको नाम :
बाल समूहको ठेगाना :
बाल समूहको सम्पर्क ब्यक्तिको नाम र सम्पर्क नं.
वयस्क सहजकर्ताको नाम र सम्पर्क नं. :
सुचिकरण नं................

| ............................... बाल समूहको .............................अवधिको कार्यप्रगति | | | | | |
|---|---|---|---|---|---|
| सम्पन्न कार्यक्रमको नाम | विषय | कार्यक्रम भएको स्थान | मिति | खर्च भएको रकम र स्रोत | सहभागी संख्या |
| | | | | | |
| | | | | | |
| | | | | | |

**अनुसूची ६**
**बाल समूह बैठक माईन्यूटको नमूना**

बाल समूहको नाम.............................................बैठक संख्या .....
बैठक मिति :.................................. बैठक स्थान...................
वयस्क सहजकर्ताको नाम................................

आज मिति................................मा ...............बाल समूहको बैठक यस समूहका श्री...................को अध्यक्षतामा बस्यो । बैठकमा उपस्थित सदस्यहरुवीच तपशिलमा उल्लेखित प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

बाल समूहका पदाधिकारी तथा सदस्यहरु
१.
२.
३.
४ वयस्क सहजकर्ता :
५. आमन्त्रित(कोहि भए)

# भाग -३

## आर्थिक ऐन २०७५ संशोधन तथा थप

**१. आर्थिक ऐन २०७५ संशोधन तथा थप सम्बन्धमा।**

**अनुसूची ११**

**दफा १२ सँग सम्बन्धित**

**सेवा शुल्क दस्तुर**

**आर्थिक ऐन आ.व. २०७५ मा संशोधन तथा थप सम्बन्धमा**

| क्र.स. | विवरण | भएको | संशोधनको लागि प्रस्ताव |
|---|---|---|---|
| २.३ | ख) एक विगाहा माथिको प्रति कित्ता | ५०। | २५। |
| २.१४ | छुट दर्ताको सिफारिस दस्तुर | पाँच कठ्ठा सम्म | पाँच कठ्ठा भन्ने हटाउनु पर्ने |
| २.२७ | आमा समूहको टोल सूधार दर्ता नवीकरण सिफारिस | २००। | १००। |
| २.३३ | निजि विद्यालय संन्चालनको सिफारिस | | |
| | क) आधारभूत | ५०००। | ३५००। |
| | ख) मा.वि | ३५००। | ५०००। |
| | ग) मन्टेश्वरी | ५०००। | |
| २.३४ | निजि विद्यालय कक्षा थपको सिफारीस | | |
| | क) आधारभूत | ५०००। | २५००। |
| | ख) मा.वि | ३५००। | ३५००। |
| | ग) मन्टेश्वरी | ५०००। | ५०००। |
| २.३६ | निर्माण व्यवसायी घ बर्ग बाहेक (क, ख, ग) | ७०००। | |
| | घ वर्गको इजाजत पत्र दस्तुर | | ४०००। |
| | इजाजत पत्र नवीकरण दस्तुर | | १०००। |
| | इजाजत पत्र नवीकरण दस्तुर थप (एक बर्ष भन्दा बढी नवीकरण नभएको भएमा प्रति बर्ष) | | १०००। |
| | इजाजत पत्र प्रतिलिपी दस्तुर | | ५००। |
| २.३७ | मोही नामसारी सिफारिस | १५००। | १०००। |
| २.३५ | क) संघ संस्था दर्ता सिफारिस (गैर नाफा मुलक) | | ५००। |
| | ख) संघ संस्था दर्ता सिफारिस (नाफा मुलक) | | १०००। |
| २.५९ | डिलरसीप दस्तुर | १००००। | ५०००। |
| २.६ | सप्लार्यस दस्तुर | ५०००। | २५००। |
| भएको | अनुसूची ३ को १ मा नगरपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम टहरा, सेङ कारखाना आदि बहालमा दिएको सम्बन्धीत धनीबाट दुई प्रतिशत दरले बहाल कर लिने भएको | | |
| हुनुपर्ने | अनुसूची ३ को १ मा नगरपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम टहरा, सेङ कारखाना आदि बहाल | | |

**बुद्धभूमी नगरपालिकाको आर्थिक नियमावलीमा थप गर्नुपर्ने**

| | | | |
|---|---|---|---|
| १. | सामुदायिक विद्यालय संन्चालनको सिफारिस | | |
| | क) आधारभूत | | १०००। |
| | ख) बालविकास केन्द्र | | ५००। |
| | ग) मदरसा र धार्मिक विद्यालय | | ५००। |
| २. | सामुदायिक विद्यालय कक्षा थपको सिफारिस | | |
| | क) आधारभूत | | ५००। |
| | ख) मा.वि | | १०००। |

# भाग -४

## 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि-२०७५ मा संसोधन

१. 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि-२०७५ मा संसोधन

' घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि-२०७५ को अनुसूची ५ घ'' वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता अन्तर्गत दफा ३ को (च) लाई हटाउने, द्रस्टब्यको १मा उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्र वा भाडा (लिज) मा लिएका उपकरणहरूको कागजातहरूको साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ। तर ख, ग, घ र ङ मा उल्लेखित मेशिनरी सामानको बिमा आवश्यक पर्ने छैन।

द्रस्तव्य को ३ मा उल्लेखित उपकरणहरू दर्ता भएको वा भाडा (लिज)मा लिएको मितिले घटीमा दुई बर्ष सम्म निर्माण व्यवसायीको मातहतमा रहनु पर्नेछ र बेचविखन वा फिर्ता गर्न पाइने छैन।